# आर्थिक वर्ष २०८१/८२
# वार्षिक प्रतिवेदन



## नेपाल बीमा प्राधिकरण

कुपण्डोल, ललितपुर

# आर्थिक वर्ष २०८१/८२

# वार्षिक प्रतिवेदन

## नेपाल बीमा प्राधिकरण

कुपण्डोल, ललितपुर

प्रकाशक
नेपाल बीमा प्राधिकरण
अनुसन्धान महाशाखा,
कार्तिक, २०८२

# प्राधिकरणको हालको सञ्चालक समिति



**जनक राज शर्मा**
अध्यक्ष
नेपाल बीमा प्राधिकरण



**मान बहादुर अर्याल**
सदस्य
कानून, न्याय तथा संसदीय
मामिला मन्त्रालय



**सन्तोष रिजाल**
सदस्य
प्रतिनिधि बीमित

# अध्यक्षको मन्तव्य



नेपाल बीमा प्राधिकरणले अघिल्लो आर्थिक वर्षमा सम्पादन गरेका मुख्य मुख्य कार्य, बीमा व्यवसायको समग्र स्थिति र बीमा क्षेत्रको सुधारका लागि आगामी दिनमा अवलम्बन गर्नुपर्ने उपायहरू सहित बीमा क्षेत्रसँग सम्बन्धित समग्र विषयहरूलाई समेटेर तयार गरिएको प्राधिकरणको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाएकोमा खुशी व्यक्त गर्दछु।

बीमा ऐन, २०७९ को अधिनमा रहेर बीमाका आधारभूत सिद्धान्तहरू समेतका आधारमा प्राधिकरणले आफ्ना केन्द्रिय कार्यालय सहित प्रादेशिक कार्यालयहरूबाट आफ्नो नियामकीय भूमिकालाई सघनरूपमा अगाडि बढाउँदै आएको छ। प्रादेशिक कार्यालयबाट सेवा प्रवाहका साथै बीमितका गुनासा तथा समस्याहरूको सम्बोधन गर्ने व्यवस्था मिलाइएको छ। बीमितको हक हित संरक्षण, बीमकको वित्तीय अवस्थाको सबलीकरण, सुशासन कायम र बीमा व्यवसायमा स्वस्थ प्रतिस्पर्धाको लागि स्थलगत तथा गैह्रस्थलगत निरीक्षण कार्यलाई प्रभावकारीरूपले अगाडि बढाइएको छ। मुलुकको आर्थिक विकासमा बीमा क्षेत्रको योगदान बढाउन प्राधिकरणले आवश्यक नीतिगत व्यवस्था सहित सहजीकरण गर्दै आएको छ। बीमा क्षेत्रको विकास एवम् विस्तारलाई थप गति दिन आर्थिक वर्ष २०८२/८३ देखि वार्षिक नीति तथा कार्यक्रम जारी गरी नयाँ अभ्यासको समेत सुरूवात गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्ममा बीमाको दायरामा आएको जनसङ्ख्या (म्यादी, लघुम्यादी र वैदेशिक रोजगार जीवन बीमालेख सहित) ४८.३३ प्रतिशत पुगेको छ। अझै पनि ठूलो जनसङ्ख्या बीमाको दायराभन्दा बाहिर रहेको छ। यसलाई ध्यानमा राखी प्राधिकरणले मुलुकका ग्रामीण भेगसम्म बीमा सचेतना फैलाउँदै न्यून आय भएका विपन्न वर्ग सहित सबैलाई बीमाको दायरामा ल्याउन बीमा प्रवर्द्धन लगायतका आवश्यक पहल गर्दै आएको छ। जलवायु परिवर्तनबाट उत्पन्न हुने तथा अन्य प्राकृतिक विपद्को जोखिमको अधिक सम्भावना भएको हाम्रो देशमा सम्पत्तिको बीमा गरी वित्तीय रक्षावरणका लागि नीतिगत व्यवस्था गर्न प्राधिकरण प्रतिवद्ध रहेको छ। बीमा ऐन, २०७९ मा व्यवस्था भए बमोजिम बीमित हित संरक्षण कोष, बीमा विकास कोष र बीमा सूचना केन्द्र स्थापनाका लागि समेत आवश्यक प्रक्रिया अगाडि बढाइएको छ।

अन्त्यमा, यस वार्षिक प्रतिवेदनलाई लेखन तथा सम्पादन कार्यमा निरन्तर मिहेनत गरी अन्तिमरूप प्रदान गर्नुहुने प्रकाशन उपसमिति, अनुसन्धान महाशाखा, अनुसन्धान तथा तथ्याङ्क शाखा र महत्त्वपूर्ण योगदान पुर्‍याउनुहुने प्राधिकरणका अन्य महाशाखा तथा शाखाहरूलाई धन्यवाद दिन चाहन्छु। बीमा क्षेत्रको समग्र विकासमा आवश्यक नीति निर्माण गरी दिशा निर्देश गर्ने नेपाल सरकार, अर्थ मन्त्रालयप्रति हार्दिक आभार व्यक्त गर्दछु। निरन्तर सहयोग एवम् सहकार्य गर्दै आउनुभएका सबै बीमक, पुनर्बीमक, बीमा मध्यस्थकर्ता लगायत सरोकारवालाहरू सहित प्राधिकरणका पूर्व अध्यक्षहरू एवम् पूर्वकर्मचारीहरूप्रति आभार प्रकट गर्दै आगामी दिनमा पनि सहयोगको अपेक्षा गर्दछु।

**जनक राज शर्मा**
अध्यक्ष
नेपाल बीमा प्राधिकरण

# विषयसूचीहरु

भाग १

विश्व अर्थतन्त्र तथा बीमा बजार ........ १

१.१ विश्व अर्थतन्त्र ........ १

१.२ दक्षिण एशियाली तथा छिमेकी मुलुकहरूको आर्थिक वृद्धिदर ........ २

१.३ विश्व बीमा बजार ........ ३

भाग २

नेपालको बीमा बजार ........ ४

२.१ नेपाली बीमा बजार ........ ४

२.२ जीवन बीमा बजार ........ ९

२.३ निर्जीवन बीमा बजार ........ १३

२.४ लघुबीमा बजार ........ १७

२.५ अन्य बीमा बजार ........ २०

भाग ३

नेपाल बीमा प्राधिकरण ........ २३

३.१ बीमा व्यवसायको विकास ........ २३

३.२ नेपाल बीमा प्राधिकरणको इतिहास र विकास ........ २४

३.३ नेपाल बीमा प्राधिकरणको सञ्चालक समिति ........ २५

खण्ड - क

प्राधिकरणबाट सम्पादित प्रमुख कार्य ........ २६

१. आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बीमा नीति तथा कार्यक्रम ........ २६

२. प्राधिकरणबाट जारी भएका निर्देशिकाहरू ........ २७

३. नेपाल बीमा प्राधिकरणमा इजलास संचालन ........ ३०

४. अन्य निकायहरूसँग सहकार्य गर्नका लागि गरिएका सम्झौताहरू ........ ३०

५. प्राधिकरणका प्रकाशनहरू ........ ३१

६. अन्तर्राष्ट्रिय सम्बन्ध र गतिविधि ........ ३१

खण्ड ख

महाशाखा तथा शाखागतरूपमा सम्पादित प्रमुख कार्यहरू ............ ३५

१. कानून महाशाखा............ ३५

२. व्यवस्थापन महाशाखा............ ३७

३. अनुसन्धान महाशाखाः............ ३८

४. बीमालेख महाशाखा ............ ३९

५. नियमन महाशाखाः ............ ४२

६. सुपरिवेक्षण महाशाखाः ............ ४२

७. प्राधिकरणबाट जारी परिपत्रहरू ............ ४५

खण्ड ग

प्रदेशगत रूपमा सम्पादित प्रमुख कार्यहरू ............ ४८

(क) कोशी प्रदेश............ ४८

(ख) मधेश प्रदेश ............ ४८

(ग) गण्डकी प्रदेश ............ ४९

(घ) लुम्बिनी प्रदेश............ ४९

(ङ) कर्णाली प्रदेश ............ ५०

(च) सुदूरपश्चिम प्रदेश............ ५०

भाग ४

वार्षिक कार्ययोजना कार्यान्वयन तथा वित्तीय अवस्था र बीमाक्षेत्र सुधारका उपायहरू............ ५१

१. वार्षिक कार्ययोजना कार्यान्वयनः ............ ५१

२. नेपाल बीमा प्राधिकरणको वित्तीय अवस्थाः ............ ५१

३. बीमा क्षेत्रमा गर्नुपर्ने सुधारका उपायहरूः ............ ५१

अनुसूचीहरू ............ ५४-१००

# तालिका सूचीहरु


१. विश्वको आर्थिक वृद्धिदर (प्रतिशतमा) ....................१
२. नेपाल लगायत छिमेकी मुलुकहरूको आर्थिक वृद्धि (प्रतिशतमा) ....................२
३. बीमकहरूको संख्या ....................४
४. नेपाली बीमा व्यवसायका केही प्रमुख सूचकाङ्क ....................५
५. बीमकहरूको प्रदेशगत शाखाहरूको संख्या....................७
६. जीवन बीमाको विवरण....................११
७. लघु जीवन बीमकबाट जारी तथा सक्रिय जीवन बीमालेख संख्या ....................१७
८. लघु जीवन बीमकले संकलन गरेको कुल बीमाशुल्क (रू. करोडमा)....................१८
९. लघु जीवन बीमकको बीमा दाबी विवरण (रू. करोडमा)....................१८
१०. लघु निर्जीवन बीमकले जारी गरेको बीमालेख संख्या....................१८
११. लघु निर्जीवन बीमकले संकलन गरेको कुल बीमाशुल्क (रू. करोडमा) ....................१९
१२. लघु निर्जीवन बीमकको बीमा दाबी विवरण (रू. करोडमा)....................१९
१३. लघु बीमकको लगानी विवरण (रू. करोडमा) ....................१९
१४. आ.व. २०८१/८२ मा बाली तथा पशुपन्छी बीमा व्यवसायको अवस्था....................२०
१५. आ.व. २०८१/८२ मा स्वास्थ्य बीमा व्यवसायको अवस्था....................२१
१६. आ.व. २०८१/८२ मा वैदेशिक रोजगार म्यादी जीवन बीमाको विवरण ....................२१
१७. आ.व. २०८१/८२ मा मोटर बीमाको अवस्था....................२२
१८. बीमा दाबी सम्बन्धी मुद्दा / उजुरी सम्बन्धी विवरण ....................३६
१९. बीमा अभिकर्ता सम्बन्धी विवरण....................३७
२०. बीमा सर्भेयर सम्बन्धी विवरण ....................३७
२१. प्राधिकरणको कर्मचारी संख्या एवम् दरबन्दी सम्बन्धी विवरण....................३८
२२. बीमा अनुदान सम्बन्धी विवरण ....................४१
२३. आ.व. २०८१/८२ एयरमार्क प्रणालीमा ब्लक भएको मुद्दती निक्षेपको विवरण....................४४

# लेखाचित्र सूचीहरु


१. कुल बीमाशुल्क र कुल गार्हस्थ उत्पादनको अनुपात ........ ६
२. बीमकको प्रदेशगत शाखा कार्यालय संख्या ........ ७
३. प्रत्यक्ष रोजगारी संख्या ........ ८
४. बीमा अभिकर्ता संख्या ........ ८
५. बीमा सर्भेयर संख्या ........ ९
६. जीवन बीमाकोष रकम ........ ९
७. जीवन बीमकको चुक्ता पूँजी रकम ........ १०
८. जीवन बीमकको महाविपत्ती जगेडा, सञ्चित मुनाफा र अन्य जगेडा तथा कोष ........ १०
९. जीवन बीमकको कुल बीमाशुल्क संकलन ........ ११
१०. जीवन बीमकको दाबी भुक्तानी र भुक्तानी हुन बाँकी दाबी ........ १२
११. जीवन बीमकको लगानी ........ १३
१२. निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको चुक्ता पूँजी तथा कोष (रू. करोडमा) ........ १४
१३. निर्जीवन बीमकले जारी गरेको बीमालेख संख्या ........ १४
१४. निर्जीवन बीमकको कुल बीमाशुल्क र खुद नाफा (रू. करोडमा) ........ १५
१५. निर्जीवन बीमकको दाबी भुक्तानी भएको संख्या र रकम र बाँकी संख्या र रकम (रू. करोडमा) ........ १६
१६. निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरूबाट भएको लगानी (रू. करोडमा) ........ १६
१७. अन्तरक्रिया तथा छलफल कार्यक्रमहरू ........ ४४

भाग १

# विश्व अर्थतन्त्र तथा बीमा बजार

## १.१ विश्व अर्थतन्त्र

सन् २०२१ मा कोभिड-१९ महामारीको प्रभावबाट विश्व अर्थतन्त्र क्रमिक रूपमा सुधार हुँदै गएतापनि सन् २०२२-२३ मा रुस- युक्रेनको युद्धबाट विश्वको अर्थतन्त्र गम्भिर रूपमा प्रभावित भएको थियो। सन् २०२४-२५ मा संयुक्त राज्य अमेरिकाले व्यापार नीतिमा परिवर्तन गरेको र विभिन्न मुलुकहरूका लागि नयाँ भन्सारदर घोषणा गरी हालसम्मकै उच्चदर कायम गरेको फलस्वरूप विभिन्न देशहरूले आफ्नो व्यापारका प्राथमिकताहरू परिवर्तन गर्नुपरेको कारण विश्व अर्थतन्त्रको व्यापार तथा आर्थिक क्रियाकलापमा अन्यौलताको स्थिति सिर्जना भई अनिश्चितता बढेको छ। यस्ता कारणले गर्दा मुद्रास्फीति तथा समग्र आर्थिक वृद्धिमा असर परेको देखिन्छ।

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२४ मा विश्वको मुद्रास्फीति ५.७ प्रतिशत रहेकोमा सन् २०२५ मा ४.२ प्रतिशत रहने प्रक्षेपण छ। विकसित अर्थतन्त्रको मुद्रास्फीति सन् २०२४ मा २.६ प्रतिशत रहेको र उदयीमान तथा विकासोन्मुख अर्थतन्त्रको औसत मुद्रास्फीति २०२४ मा ७.७ प्रतिशत रहेको छ।

अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा अक्टोबर २०२५ मा प्रकाशित World Economic Outlook अनुसार सन् २०२४ मा ३.३ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२५मा ३.२ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। सन् २०२५ मा विकसित मुलुकको अर्थतन्त्र सन् २०२४ मा १.८ प्रतिशतले वृद्धि भएको मा सन् २०२५ मा १.४ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। सन् २०२३ मा उदयीमान तथा विकासशील मुलुकको अर्थतन्त्र ४.४ प्रतिशतले वृद्धि भएकोमा सन् २०२४ मा केही कमी आई आर्थिक वृद्धिदर ४.३ प्रतिशत कायम भएको र सन् २०२५ मा ४.२ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। सन् २०२३ मा अन्य मुलुकको दाँजोमा उदयीमान तथा विकासशील एशियाको अर्थतन्त्र उच्चदरमा विस्तार भएकोमा सन् २०२४ मा समेत अन्य अर्थतन्त्रको तुलनामा उच्चदरमा विस्तार भएको पाइएको छ र सन् २०२५ मा आर्थिक वृद्धिदर ५.२ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। सन् २०२४ मा ३.५ प्रतिशत आर्थिक वृद्धिदर रहेको उदयीमान तथा विकासशील युरोपको अर्थतन्त्र सन् २०२५ मा १.८ प्रतिशतले मात्र वृद्धि हुने प्रक्षेपण छ। मध्यपूर्व तथा मध्य एशिया र न्युन आय विकासशील मुलुकहरूको आर्थिक वृद्धिमा सुधार हुने प्रक्षेपण गरिएको छ सन् २०२५ मा क्रमशः ३.५ प्रतिशत र ४.४ प्रतिशत वृद्धिदर रहने प्रक्षेपण गरिएको छ। समग्र विश्व लगायतका अर्थतन्त्रको आर्थिक वृद्धिदरलाई तालिका नं. १ मा देखाइएको छ।

तालिका नं. १

विश्वको आर्थिक वृद्धिदर (प्रतिशतमा)

| क्र.सं. | विवरण | २०२२ | २०२३ | २०२४ | २०२५* | २०२६* |
|---|---|---|---|---|---|---|
| १ | विश्व अर्थतन्त्र | ३.५ | ३.३ | ३.३ | ३.२ | ३.१ |
| २ | विकसित अर्थतन्त्र | २.७ | १.७ | १.८ | १.६ | १.६ |
| ३ | उदयीमान तथा विकासशील अर्थतन्त्र | ४.० | ४.४ | ४.३ | ४.२ | ४.० |
| ४ | उदयीमान तथा विकासशील एशिया | ४.५ | ५.७ | ५.३ | ५.२ | ४.७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | उदयीमान तथा विकासशील युरोप | ०.८ | ३.२ | ३.५ | १.८ | २.२ |
| ७ | मध्यपूर्व तथा मध्य एशिया | ५.४ | २.० | २.६ | ३.५ | ३.८ |
| ८ | न्युन आय विकासशील अर्थतन्त्र | ५.० | ३.९ | ४.२ | ४.४ | ५.० |

*(श्रोतः वर्ल्ड ईकोनोमिक आउटपुट, अन्तराष्ट्रिय मुद्रा कोष, अक्टोबर २०२५) *प्रक्षेपण*

## १.२ दक्षिण एशियाली तथा छिमेकी मुलुकहरूको आर्थिक वृद्धिदर

सन् २०२० मा कोभिड-१९ महामारीको प्रभावबाट दक्षिण एशियाली मुलुकहरूको आर्थिक वृद्धिमा प्रभाव परेको थियो। सन् २०२१ मा भने क्रमिक सुधार भएको पाइएतापनि रुस-युक्रेन युद्धका कारणले सन् २०२२/२३ मा एशियाली तथा छिमेकी मुलुकहरूको आर्थिक वृद्धिदरमा प्रभाव परेको देखिन्छ। त्यसै गरी, संयुक्त राज्य अमेरिकाको ट्यारिफ दर हालसम्मकै उच्च रहँदा अन्तरदेशीय व्यापारमा अन्यौलताको स्थिति कायमै छ। एशिया तथा प्यासिफिक क्षेत्रमा वित्तीय सहयोग, खुकुलो मौद्रिक नीति तथा घट्दो मुद्रास्फीति दरले व्यापारिक चुनौतीहरूलाई केही हदसम्म सन्तुलनमा राखी आर्थिक वृद्धि कायम राख्ने अनुमान गरिएको छ।

सन् २०२४ मा नेपालको आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहेकोमा सन् २०२५ मा ४.६ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। एशिया क्षेत्रका दुई ठूला अर्थतन्त्र भारत र चीनको भने २०२४ मा आर्थिक वृद्धिमा केही कमी आएको देखिन्छ। भारत र चीन दुवैको आर्थिक वृद्धिदर सन् २०२४ मा क्रमश ६.५ प्रतिशत र ५.० प्रतिशत रहेकोमा सन् २०२५ मा भारतको आर्थिक वृद्धिदर ६.५ प्रतिशत नै कायम रहने र चीनको आर्थिक वृद्धिदरमा केही कमी आई ४.७ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। त्यसै गरी सन् २०२४ मा भुटानको आर्थिक वृद्धिदरमा उच्च वृद्धि भई ७.५ प्रतिशत रहेकोमा सन् २०२५ मा उक्त दरमा थप वृद्धि भई ८.१ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। साथै, सन् २०२४ मा बंगलादेश, माल्दिभ्स, श्रीलंका र पाकिस्तानको अर्थतन्त्र क्रमशः ४.२ प्रतिशत, ३.३ प्रतिशत, ५.० प्रतिशत र २.५ प्रतिशतले बढेको देखिन्छ।

तालिका नं. २

**नेपाल लगायत छिमेकी मुलुकहरूको आर्थिक वृद्धि (प्रतिशतमा)**

| विवरण | २०२२ | २०२३ | २०२४ | २०२५* | २०२६* |
|---|---|---|---|---|---|
| बंगलादेश | ७.१ | ५.८ | ४.२ | ४.० | ५.० |
| भुटान | ५.२ | ४.० | ७.५ | ८.१ | ६.० |
| भारत | ७.० | ७.६ | ६.५ | ६.५ | ६.५ |
| माल्दिभ्स | १३.९ | ४.४ | ३.३ | ५.० | ४.९ |
| नेपाल | ५.६ | १.९ | ३.७ | ४.६ | ३.० |
| श्रीलंका | -७.३ | -२.३ | ५.० | ३.९ | ३.३ |
| पाकिस्तान | ६.२ | -०.२ | २.५ | २.७ | ३.० |
| अफगानिस्तान | -२०.७ | -६.२ | २.३ | १.८ | १.७ |
| चीन | ३.० | ५.२ | ५.० | ४.७ | ४.३ |

*(श्रोतः एशियन डेभेलपमेन्ट आउटलुक, सेप्टेम्बर २०२५) *प्रक्षेपण*

## १.३ विश्व बीमा बजार

विश्वभरीका बीमा नियामक निकायको छाता संगठन International Association of Insurance Supervisors (IAIS) ले डिसेम्बर २०२४ मा प्रकाशन गरेको Global Insurance Market Report (GIMAR) का अनुसार सन् २०२३ को अन्त्यसम्ममा बीमकहरूको मा २.८ प्रतिशतले वृद्धि भई ४२० खर्ब अमेरिकी डलर रहेको छ। सुदृढ बीमाशुल्क संकलनमा वृद्धि, प्रभावकारी सम्पत्ति तथा दायित्वको व्यवस्थापन र बढ्दो सेयर तथा ऋणपत्रको मूल्य लगायतका कारण समग्रमा विश्वभरका बीमकहरूको सम्पत्तिमा वृद्धि भएको देखिन्छ। उदयीमान तथा विकासशील अर्थतन्त्रमा बीमकहरूको कुल सम्पत्तिमा अघिल्लो वर्षको तुलना सन् २०२३ को अन्त्यसम्ममा ८.१ प्रतिशतको उल्लेख्य वृद्धि भएको देखिन्छ भने विकसित अर्थतन्त्रमा भने २.१ प्रतिशत वृद्धि भएको छ।

त्यसैगरी, सन् २०२५ जुलाईमा प्रकाशित Global Insurance Market Report (GIMAR) mid year update ले सन् २०२५ मा देखापरेका प्रमुख विषयवस्तुहरू उल्लेख गरेको छ। बढ्दो भू-राजनीतिक तनाव, व्यापार विखण्डन, र क्षेत्रीय आर्थिक अनिश्चितताले बीमा क्षेत्रका लागि क्रेडिट जोखिम, विनिमय दर जोखिम, तरलता जोखिम, ब्याजदर जोखिम, र अन्डरराइटिङ जोखिम जस्ता विविध जोखिमहरू सिर्जना गरेका छन्।

अन्तरदेशीय लगानीका अवसरहरूमा कमी आउँदा लगानी विविधीकरणको सम्भावना घट्ने र बीमकहरूमा जोखिम थप बढ्ने अनुमान गरिएको छ। त्यसैगरी, विश्व बीमा बजारमा अन्डरराइटिङ, दाबी व्यवस्थापन, जोखिम मोडेलिङ, र कार्यक्षमता अभिवृद्धिका लागि कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोगको सुरुवात भैसकेको छ तर सुशासनका संरचनाहरू अझै विकासको प्रारम्भिक चरणमा छन्। यसका साथै, बीमा नियामक निकायहरूले डाटा प्रयोग, साइबर जोखिम, मोडेल जोखिम (model risk), तथा दिगोपन सम्बन्धी विषयहरूमा निगरानी बढाइरहेको पाइएको छ। हालको तथ्याङ्कअनुसार, साइबर बीमामा बीमकहरूको कुल निर्जीवन बीमाशुल्कको करिब २ प्रतिशत मात्र रहेको देखिन्छ तर यसको वृद्धिदर तीव्र रूपमा बढ्दो छ। त्यसकारण, बीमकहरूका लागि यो जोखिम बीमा महत्त्वपूर्ण बन्दै गएको छ। त्यसैगरी, जलवायु जोखिम तथा प्राकृतिक विपत्ति र यसबाट उत्पन्न जलवायु सम्बन्धी जोखिमहरू बीमा क्षेत्रका लागि निरन्तर उच्च प्राथमिकताका विषय रहेको छ।

जलवायु परिवर्तनका कारण प्राकृतिक विपदहरूको आवृत्ति र तीव्रता लगातार बढ्दै गएको छ, जसले सम्पत्ति तथा दुर्घटना बीमाका बीमाशुल्क बढाएको छ र पुनर्बीमाको माग पनि बढेको छ। त्यस्तै, एआईजस्ता प्रविधिगत प्रगतिहरूले बीमा उद्योगका लागि अवसर र जोखिम दुवै प्रस्तुत गरिरहेका छन्।

अलियान्ज ग्रूपले मे २०२५मा प्रकाशन गरेको 'ग्लोबल इन्सुरेन्स रिपोर्ट २०२५: राइजिङ डिम्यान्ड फर प्रोटेक्शन' प्रतिवेदनका अनुसार सन् २०२४ मा विश्व बीमा बजार ८.६ प्रतिशत ले बढेर कुल यूरो ७.० ट्रिलियन बीमाशुल्क संकलन भएको देखिन्छ। कुल गार्हस्थ उत्पादनमा बीमाशुल्कको अनुपात सन् २०२२मा ७.१ प्रतिशत रहेकोमा सन् २०२४ मा ७.४ प्रतिशत कायम भएको छ। विश्वव्यापी रूपमा सम्पत्ति तथा दायित्व बीमा ७.७ प्रतिशत ले बढ्दा एशियाली बजारमा ४ प्रतिशतले मात्र बढेको छ र यसले पश्चिमी युरोप र अन्य क्षेत्रभन्दा एशियाली बजारमा सम्पत्ति तथा दायित्व बीमाको बजार अझै विस्तार गर्नुपर्ने देखिन्छ। त्यसैगरी, सन् २०२४ मा समग्रमा जीवन बीमा बजार १०.४ प्रतिशतले वृद्धि भएको देखिन्छ। जीवन बीमातर्फ उत्तरी अमेरिकाको १४.४ प्रतिशत र चीन १५.४ प्रतिशतको उल्लेखनीय वृद्धिले समग्रमा विश्व जीवन बीमा बजारमा वृद्धि भएको पाईएको छ। स्वास्थ्य बीमातर्फ अमेरिकाले विश्व प्रिमियमको दुई-तिहाइ हिस्सा ओगटिरहेको छ भने एशियाली बीमा बजारमा पनि सन् २०२४ मा स्वास्थ्य बीमा १२.६ प्रतिशतले बढेको देखिन्छ। दीर्घकालीन रूपमा आगामी दशकमा एशियाले जीवन बीमा प्रिमियम वृद्धिको आधाभन्दा बढी हिस्सा ओगट्ने अनुमान गरिएको छ। बीमाको यो समग्र वृद्धि र परिवर्तनशील वातावरणले बीमा क्षेत्रले UN Sustainable Development Goals (SDGs) प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने स्पष्ट रूपमा देखाएको छ।

भाग २

# नेपालको बीमा बजार

## २.१ नेपाली बीमा बजार

### २.१.१ बीमकहरूको संख्या

नेपालमा वि.सं. २००४ सालको आश्विन ८ गते नेपाल माल चलानी तथा बीमा कम्पनी लिमिटेडको स्थापना गरी बीमाको कार्य सञ्चालन गरिएको नेपाली बीमा उद्योगमा आ.व. २०८१/८२ सम्म आइपुग्दा संख्यात्मक एवम् गुणात्मक प्रगति भएको छ। हाल नेपालमा कुल ३७ वटा बीमा कम्पनीहरूले आफ्ना सेवा प्रदान गरिरहेका छन्। आ.व. २०८१/८२ को असारमसान्त सम्ममा नेपालमा १४ वटा जीवन, १४ वटा निर्जीवन, २ वटा पुनर्बीमा, र ७ वटा लघु बीमा (३ लघु जीवन बीमा, ४ लघु निर्जीवन बीमा) कम्पनीहरू सञ्चालनमा रहेका छन्। लगानीको आधारमा सरकारी लगानीको ३, निजी क्षेत्रको लगानीको २९, विदेशी कम्पनीको शाखा कार्यालय ३ र संयुक्त लगानीको २ बीमा कम्पनीहरू सञ्चालनमा छन्।

तालिका नं. ३

**बीमकहरूको संख्या**

| क्र.सं | स्वामित्व | बीमाको प्रकार | | | | कुल |
|---|---|---|---|---|---|---|
| | | जीवन | निर्जीवन | पुनर्बीमा | लघुबीमा | |
| १ | सरकारी स्वामित्व | १ | १ | १ | ० | ३ |
| २ | निजी क्षेत्र | ११ | १० | १ | ७ | २९ |
| ३ | विदेशी शाखा | १ | २ | - | ० | ३ |
| ४ | संयुक्त लगानी | १ | १ | - | ० | २ |
| कुल | | १४ | १४ | २ | ७ | ३७ |

### २.१.२ आ.व. २०८१/८२ मा बीमा व्यवसायको केही प्रमुख सूचकाङ्क

२०८१/८२ मा बीमा व्यवसायका प्रमुख सूचकाङ्क सकारात्मक देखिन्छ। गत आ.व.हरूको तुलनामा क्रमशः वृद्धि हुँदै आएका बीमाको दायरा तथा बीमा घनत्वका साथै, बीमाशुल्क, चुक्तापूँजी, लगानी, लगायतका सूचकाङ्कले बीमा व्यवसाय विकास तथा विस्तार हुँदै गएको देखाउँछ ।

आ.व. २०८०/८१ मा रू.१ खर्ब ५८ अर्ब १० करोड बीमाशुल्क संकलन भएकोमा आ.व. २०८१/८२ मा १५.२८ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ८२ अर्ब २७ करोड संकलन भएको देखिन्छ।

आ.व.८१/८२ मा जीवन बीमाको दायरा ४८.३३ प्रतिशत जनसंख्यामा पुगेको छ, जुन गत आ.व.मा ४३.२७ प्रतिशत रहेको थियो। वैदेशिक रोजगार म्यादी जीवन बीमा समावेश नगरी जीवन बीमाको दायरा गणना गर्दा आ.व. ८०/८१ मा ३६.५३ प्रतिशत रहेको देखिन्छ भने आ.व. २०८१/८२ मा वृद्धि भई ३९.९९ प्रतिशत जनसंख्या जीवन बीमाको दायरामा आएको देखिन्छ।

आ.व. २०८०/८१ मा बीमा घनत्व प्रतिव्यक्ति रू.६,४४४.९४ रहेकोमा आ.व. २०८१/८२ मा १३.७४ प्रतिशत वृद्धि भई प्रतिव्यक्ति रू.७,३३०.२९ पुगेको देखिन्छ। साथै, जीवन बीमा तर्फ बीमा घनत्व प्रतिव्यक्ति रू.५,८८१.१६ र निर्जीवन बीमातर्फ बीमा घनत्व प्रतिव्यक्ति रू.१,४४९.१३ रहेको छ।

आ.व. २०८०/८१ सम्ममा जीवन बीमातर्फ बीमकहरूको लगानी रू.६ खर्ब ४९ अर्ब र ११ करोड रहेको थियो भने आ.व. २०८१/८२ सम्ममा जीवन बीमकहरूको लगानी रकममा १७.०३ प्रतिशत को वृद्धि भई रू.७ खर्ब ५९ अर्ब र ६६ करोड पुगेको छ। त्यसैगरी, निर्जीवन बीमातर्फ आ.व. २०८०/८१ सम्ममा रकम रू.८० अर्ब र ३२ करोड रहेको थियो जसमा १३.१८ प्रतिशत को घट्न गई आ.व. २०८१/८२ सम्ममा कुल लगानी रकम रू.६९ अर्ब र ७४ करोड कायम भएको देखिन्छ। जीवन तथा निर्जीवन बीमा क्षेत्रबाट आ.व. २०८१/८२ मा कुल रू.८ खर्ब २९ अर्ब र ४० करोड रकम लगानी भएको देखिन्छ।

आ.व. २०८१/८२ मा जीवन बीमातर्फ कुल दाबी संख्या ८.०३ प्रतिशतले बढ्दा निर्जीवन बीमातर्फ भने ०.८२ प्रतिशतले घटेको देखिन्छ। त्यस्तै, जीवन बीमातर्फ गत वर्षको तुलनामा २०.६३ प्रतिशतले वृद्धि भई कुल दाबी भुक्तानी रू.७८ अर्ब ९८ करोड भएको देखिन्छ। त्यसैगरी, निर्जीवन बीमातर्फ दाबी भुक्तानी संख्यामा कमी आएता पनि कुल दाबी भुक्तानी रकम गत वर्ष भन्दा ३९.६३ प्रतिशतले वृद्धि भई रू.२५ अर्ब २६ करोड भुक्तानी भएको देखिन्छ।

**तालिका नं. ४**

**नेपाली बीमा व्यवसायका केही प्रमुख सूचकाङ्क**

| सुचाकाङ्क | विवरण | २०८०/८१ | २०८१/८२ | परिवर्तन(%) |
|---|---|---|---|---|
| कुल बीमाशुल्क संकलन (रू. करोडमा) | जीवन बीमाशुल्क | १५,८१०.६४ | १८,२२७.०० | १५.२८ |
| | निर्जीवन बीमाशुल्क | ३,९९३.८६ | ४,४९१.०० | १२.४५ |
| | जम्मा | १९,८०४.५० | २२,७१८.०० | १४.७१ |
| जीवन बीमाको दायरामा आएको जनसंख्या (प्रतिशत) | वैदेशिक रोजगार बीमा बाहेक | ३६.५३ | ३९.९९ | - |
| | वैदेशिक रोजगार बीमा सहित | ४३.२७ | ४८.३३ | - |
| बीमा घनत्व | जीवन | ५,१४७.२४ | ५,९३४.०१ | १५.२९ |
| | निर्जीवन | १,३००.२२ | १,४६२.१६ | १२.४५ |
| | जम्मा | ६,४४७.४७ | ७,३९६.१७ | १४.७१ |
| कुल लगानी (रू. करोडमा) | जीवन | ६४,९११.८१ | ७५,९६६.०० | १७.०३ |
| | निर्जीवन | ८,०३२.९४ | ६,९७४.०० | (१३.१८) |
| | जम्मा | ७२,९४४.७५ | ८२,९४०.०० | १३.७० |
| जीवन बीमा दाबी भुक्तानी (रू. करोडमा) | कुल दाबी भुक्तानी (संख्या) | २८०,१५१ | ३०२,६५९.०० | ८.०३ |
| | कुल दाबी भुक्तानी (रकम) | ६,५४७.४५ | ७,८९८.०० | २०.६३ |
| निर्जीवन बीमा दाबी भुक्तानी (रू. करोडमा) | कुल दाबी भुक्तानी (संख्या) | १५१,८८४ | १५०,६३९.०० | (०.८२) |
| | कुल दाबी भुक्तानी (रकम) | १,८०९.१३ | २,५२६.०० | ३९.६३ |
| चुक्ता पूँजी (रू. करोडमा) | जीवन बीमा | ६,००८.०० | ७,००९.०० | १६.६६ |
| | निर्जीवन बीमा | २,७८०.०० | २,९३५.०० | ५.५८ |

| सुचाकाङ्क | विवरण | २०८०/८१ | २०८१/८२ | परिवर्तन(%) |
|---|---|---|---|---|
| बीमा क्षेत्रको रोजगारी (संख्यामा) | प्रत्यक्ष रोजगारी | ११,९५१ | १२,३३६ | ३.२२ |
| | अभिकर्ताहरू | ३२९,५७२ | ४,०४,५६४ | २२.७५ |
| | सर्भेयरहरू | १,२४९ | १,३११ | ४.९६ |

नोटः लघु जीवनको जीवन बीमामा र लघु निर्जीवनको निर्जीवन बीमा व्यवसायमा समावेश गरी गणना गरिएको ।

आ.व. २०८०/८१ सम्ममा जीवन बीमकहरूको चुक्ता पूँजी रू.६० अर्ब ८ करोड रहेकोमा आ.व. २०८१/८२ सम्ममा चुक्ता पूँजीमा १६.६६ प्रतिशतले वृद्धि भई जम्मा रू.७० अर्ब ९ करोड पुगेको छ। त्यसैगरी, निर्जीवन बीमकहरूको चुक्ता पूँजीमा गत आ.व.को तुलनामा ५.५८ प्रतिशतले वृद्धि भई जम्मा रू.२९ अर्ब ३५ करोड पुगेको देखिन्छ।

आ.व. २०८०/८१ मा बीमा क्षेत्रबाट ११ हजार ९५१ जनाले प्रत्यक्ष रूपमा रोजगारी पाएकोमा आ.व. २०८१/८२ मा सो संख्यामा ३.२२ प्रतिशतले वृद्धि भई १२ हजार ३३६ जना प्रत्यक्ष रूपमा बीमा क्षेत्रमा संलग्न भएको देखिन्छ। आ.व. २०८०/८१ मा ३ लाख २९ हजार ५७२ जना बीमा अभिकर्ताहरू बीमा व्यवसायमा संलग्न रहेकोमा सो संख्यामा २१.३७ प्रतिशतले वृद्धि भई आ.व. २०८१/८२ मा ४ लाख ४ हजार ५ सय ६४ जना बीमा अभिकर्ताहरू कार्यरत रहेको देखिन्छ। त्यस्तै, आ.व. २०८०/८१ मा १ हजार २४९ जना बीमा सर्भेयर (व्यक्तिगत र संस्थागत दुवै) बीमा व्यवसायमा संलग्न भएकोमा सो संख्या ४.९६ प्रतिशतले वृद्धि भई आ.व. २०८१/८२ मा १ हजार ३११ जना पुगेको देखिन्छ।

### २.१.३ कुल बीमाशुल्क र कुल गार्हस्थ उत्पादनको अनुपात

कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्य) मा बीमा क्षेत्रको अनुपातमा क्रमिक रूपमा वृद्धि हुँदै गएको देखिन्छ। आ.व. २०७९/८० को कुल गार्हस्थ उत्पादनमा कुल बीमाशुल्कको अनुपात ३.४१ प्रतिशत रहेको थियो भने आ.व. २०८०/८१ मा ३.४७ प्रतिशत पुगेको थियो। आ.व. २०८१/८२ को कुल गार्हस्थ उत्पादनमा बीमा क्षेत्रको अनुपात ३.७२ प्रतिशत पुगेको देखिन्छ जसमध्ये जीवन बीमाको अनुपात २.९ प्रतिशत र निर्जीवन बीमाको अनुपात ०.७४ प्रतिशत रहेको छ।

लेखाचित्र नं. १

कुल बीमाशुल्क र कुल गार्हस्थ उत्पादनको अनुपात



### २.१.४ बीमकहरूको शाखा

बीमकहरूले आफ्नो व्यवसाय वृद्धि गरेसँगै शाखा विस्तारमा समेत जोड दिएका छन्। आ.व. २०८१/८२ को अन्त्यसम्ममा बीमकहरूको प्रदेशगत शाखाहरूको संख्यालाई तालिका नं. ५ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ५

**बीमकहरूको प्रदेशगत शाखाहरूको संख्या**

| प्रदेश | जीवन | निर्जीवन | जम्मा |
|---|---|---|---|
| कोशी | ३०७ | १८१ | ४८८ |
| मधेश | २३४ | १५१ | ३८५ |
| बागमती | ४८१ | ३६१ | ८४२ |
| गण्डकी | २०८ | १३७ | ३४५ |
| लुम्बिनी | ३१४ | १९१ | ५०५ |
| कर्णाली | १११ | ४८ | १५९ |
| सुदूरपश्चिम | १८४ | ८६ | २७० |
| **जम्मा** | **१८३९** | **११५५** | **२९९४** |

आ.व. २०८१/८२ को अन्त्यसम्ममा जीवन बीमकहरूको कुल शाखा संख्या १,८३९ रहेको छ भने निर्जीवन बीमकहरूको शाखा १,१५५ वटा रहेको छ र समग्रमा बीमकहरूको शाखा संख्या २,९९४ पुगेको छ। प्रदेशगतरूपमा हेर्दा सबै भन्दा धेरै शाखा रहेको बागमती प्रदेशमा जीवन बीमकको ४८१ वटा र निर्जीवन बीमकको ३६१ वटा गरी कुल ८४२ वटा शाखाहरू स्थापना भएको देखिन्छ। त्यसैगरी, सबैभन्दा कम शाखा संख्या रहेको कर्णाली प्रदेशमा जीवन बीमकको १११ वटा र निर्जीवन बीमकहरूको ४८ वटा गरी कुल १५९ वटा शाखा रहेको देखिन्छ।

लेखाचित्र नं. २

**बीमकको प्रदेशगत शाखा कार्यालय संख्या**



### २.१.५ बीमा क्षेत्रले प्रदान गरेको रोजगारी

पछिल्लो तीन आर्थिक वर्षमा बीमा क्षेत्रमा रोजगारीको संख्या वृद्धि हुँदै गएको छ। आ.व. २०८१/८२ मा जीवन, निर्जीवन, लघु र पुनर्बीमा गरी जम्मा १२ हजार ३३६ जना प्रत्यक्ष रोजगारको रूपमा बीमा क्षेत्रमा संलग्न भएको देखिन्छ।

लेखाचित्र नं. ३

प्रत्यक्ष रोजगारी संख्या




बीमा व्यवसायमा महत्त्वपूर्ण साझेदारको रूपमा बीमा मध्यस्थकर्ताको अहम भूमिका रहन्छ। बीमा अभिकर्ताको संख्या क्रमिकरूपमा वृद्धि भई आ.व. २०८१/८२ अन्त्यसम्ममा करिब ४ लाख ४ हजार ५६४ जना बीमा अभिकर्ताहरू कार्यरत रहेको देखिन्छ। त्यसैगरी, व्यक्तिगत र संस्थागत बीमा सर्भेयरको संख्या क्रमिक रूपमा वृद्धि भई आ.व. २०८१/८२ अन्त्यसम्ममा १ हजार ३११ जना पुगेको देखिन्छ।

लेखाचित्र नं. ४

बीमा अभिकर्ता संख्या



लेखाचित्र नं. ५

बीमा सर्भेयर संख्या




## २.२ जीवन बीमा बजार

### २.२.१ जीवन बीमा कम्पनीहरूको चुक्ता पूँजी तथा कोष

जीवन बीमा व्यवसाय गर्ने बीमकहरूको जीवन बीमा कोष क्रमिक रूपमा वृद्धि भएको देखिन्छ र आ.व. २०८१/८२ को अन्त्यमा रू.८ खर्ब ४ अर्ब ४९ करोड रहेको छ।

लेखाचित्र नं. ६

जीवन बीमाकोष रकम




आ.व. २०७९/८० को अन्त्यमा जीवन बीमा व्यवसाय गर्ने बीमकहरूको चुक्ता पूँजी रू.५१ अर्ब ९२ करोड रहेकोमा आ.व. २०८०/८१ मा वृद्धि भई रू.६० अर्ब ५ करोड रहेको र आ.व. २०८१/८२ मा थप वृद्धि भई रू.६८ अर्ब ६ करोड कायम भएको छ।

लेखाचित्र नं. ७

जीवन बीमकको चुक्ता पूँजी रकम




आ.व. २०७९/८० को अन्त्यमा रू.४ अर्ब १४ करोड र आ.व. २०८०/८१ को अन्त्यमा रू.५ अर्ब १ करोड रहेको महाविपत्ती जगेडा कोष आ.व. २०८१/८२ को अन्त्य सम्ममा वृद्धि भई रू.५ अर्ब ५७ करोड रहेको देखिन्छ। त्यसैगरी, आ.व. २०८१/८२ मा सञ्चित मुनाफा र अन्य जगेडा कोष क्रमशः १४ अर्ब १४ करोड र रू.९ अर्ब ४१ करोड रहेको छ, जुन आ.व. २०८०/८१ को तुलनामा केही घटेको देखिन्छ।

लेखाचित्र नं. ८

जीवन बीमकको महाविपत्ती जगेडा, सञ्चित मुनाफा र अन्य जगेडा तथा कोष




## २.२.२ जीवन बीमा कम्पनीहरूको खुद नाफा, बीमालेख संख्या र बीमाशुल्क संकलन

जीवन बीमा व्यवसाय गर्ने बीमकहरूले आ.व. २०७९/८० मा १ करोड २३ लाख ७० हजार ५ सय ९९ वटा जीवन बीमालेख जारी गरेकोमा यो सङ्ख्या आ.व. २०८०/८१ मा घट्न गई ६४ लाख ७८ हजार ८ सय ५० वटा बीमालेख मात्र जारी भएको देखिन्छ। आ.व. २०८१/८२ मा जारी बीमालेख संख्या थप घट्न गई ५३ लाख १० हजार १ सय ३१ वटा बीमालेख मात्र जारी भएको देखिन्छ।

तालिका नं. ६

**जीवन बीमाको विवरण**

| विवरण | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| जारी जीवन बीमालेख संख्या | १,२३,७०,५९९ | ६४,७८,८५० | ५३,१०,१३१ |
| सक्रिय जीवन बीमालेख संख्या | १,४१,३७,१०२ | १,३७,७४,६३५ | १,४१,०२,४८९ |
| कुल बीमाशुल्क | १४,०८१.४७ | १५,७९३.६६ | १८,१४२.९९ |
| खुद नाफा | ८०८.८९ | ९६०.०४ | ६०२.४८ |

आ.व. २०७९/८० मा सक्रिय जीवन बीमालेखको संख्या १ करोड ४१ लाख ३७ हजार १ सय २ रहेकोमा आ.व. २०८०/८१ मा केही कमी आई जम्मा १ करोड ३७ लाख ७४ हजार ६ सय ३५ बीमालेख सक्रिय रहेको देखिन्छ भने आ.व. २०८०/८१ मा अघिल्लो आ.व.को तुलनामा सक्रिय जीवन बीमालेखको संख्यामा वृद्धि भई १ करोड ४१ लाख २ हजार ४ सय ८९ पुगेको देखिन्छ।

त्यसैगरी, जीवन बीमकहरूले संकलन गरेको कुल बीमाशुल्क रकम क्रमिक रूपमा बढेको देखिन्छ र आ.व. २०७९/८० मा रू.१ खर्ब ४० अर्ब ८१ करोड संकलन भएको देखिन्छ। यो रकम आ.व. २०८०/८१ मा वृद्धि भई रू.१ खर्ब ५७ अर्ब ९४ करोड पुगेको देखिन्छ भने आ.व. २०८१/८२ मा थप बढोत्तरी भई कुल बीमाशुल्क आर्जन रू.१ खर्ब ८१ अर्ब ४२ करोड भएको देखिन्छ। आ.व. २०७९/८० मा जीवन बीमकहरूले रू.८ अर्ब ९ करोड खुद नाफा गरेकोमा आ.व. २०८०/८१ मा सो वृद्धि हुन गई रू.९ अर्ब ६० करोड पुगेको थियो भने आ.व. २०८१/८२ मा ह्रास हुन गई रू.६ अर्ब २ करोड मात्र भएको थियो।

लेखाचित्र नं. ९

**जीवन बीमकको कुल बीमाशुल्क संकलन**




### २.२.३ जीवन बीमा दाबी भुक्तानी

जीवन बीमा व्यवसाय गर्ने जीवन बीमकबाट आ.व. २०७९/८० मा बीमा दाबी भुक्तानी संख्या २ लाख ५४ हजार ७ सय ९८ वटा थियो भने आ.व. २०८०/८१ र आ.व. २०८१/८२ मा सो संख्या क्रमशः २ लाख ८० हजार ८३ वटा र २ लाख ९८ हजार ६ सय ६९ वटा पुगेको छ। त्यसैगरी, आ.व. २०७९/८० मा ५१ हजार ९ सय २९ वटा जीवन बीमा दाबी भुक्तानी गर्न बाँकी रहेकोमा, आ.व. २०८०/८१ र आ.व. २०८१/८२ मा सो संख्या क्रमशः ५८ हजार १ सय २५ र ६७ हजार ८ सय ३१ वटा रहेको देखिन्छ।

लेखाचित्र नं. १०

जीवन बीमकको दाबी भुक्तानी र भुक्तानी हुन बाँकी दाबी







*आ.व. २०८१/८२ को तथ्याङ्क लेखापरिक्षण नभएको

** राष्ट्रिय जीवन बीमा कम्पनीको लेखापरिक्षण नभएको

आ.व. २०७९/८० मा रू.६० अर्ब २५ करोड कुल दाबी भुक्तानी भएकोमा आ.व. २०८०/८१ र आ.व. २०८१/८२ मा क्रमश वृद्धि हुन गई रू.६५ अर्ब ४६ करोड र रू.७८ अर्ब ७२ करोड भुक्तानी भएको थियो। विगत तीन आर्थिक वर्षमा सो जीवन बीमा दाबी भुक्तानीमा रकम निरन्तर वृद्धि हुँदै गएको छ। त्यसैगरी, दाबी भुक्तानी बाँकी रकम आ.व. २०७९/८० मा रू.५ अर्ब ३१ करोड थियो भने आ.व. २०८०/८१ मा रू.५ अर्ब १२ करोड र आ.व. २०८१/८२ मा वृद्धि भई रू.७ अर्ब ५१ करोड जीवन बीमा दाबी भुक्तानी हुन बाँकी रहेको छ।

## २.२.४ जीवन बीमा व्यवसाय गर्ने बीमकहरूबाट भएको लगानी

बीमा व्यवसायको बिस्तारसँगै जीवन बीमा व्यवसाय गर्ने बीमकहरूबाट भएको लगानी वार्षिक रूपमा वृद्धि हुंदै आएको छ। आ.व. २०७९/८० सम्ममा जीवन बीमकहरूबाट रू.५ खर्ब ३७ अर्ब ४५ करोड लगानी भएको देखिन्छ। यो रकम आ.व. २०८०/८१ सम्ममा वृद्धि हुन गई रू.६ खर्ब ४७ अर्ब ५४ करोड हुन पुगेको थियो। त्यसैगरी आ.व. २०८१/८२ सम्ममा थप वृद्धि हुन गई ७ खर्ब ५७ अर्ब ३६ करोड पुगेको देखिन्छ।

लेखाचित्र नं.११

जीवन बीमकको लगानी




*आ.व. २०८१/८२ को तथ्याङ्क लेखापरिक्षण नभएको

** राष्ट्रिय जीवन बीमा कम्पनीको लेखापरिक्षण नभएको

### २.२.५ जीवन तथा लघु जीवन बीमकहरूको सोल्भेन्सीको अवस्था

प्राधिकरणले 'Risk Based Capital and Solvency Directives' जारी गरी जोखिममा आधारित पूँजी तथा सोल्भेन्सी व्यवस्था लागू गरेसँगै नेपाली बीमा बजारले सोल्भेन्सी २ को व्यवस्था अवलम्वन गरेको छ। आ.व. २०८१/८२ मा स्वीकृत गरिएको जीवन बीमा व्यवसाय गर्ने बीमकहरूको आ.व. २०८०/८१ को बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन विश्लेषण गर्दा बीमकहरूको सल्भेन्सी अवस्था सकारात्मक देखिन्छ। यसले बीमा क्षेत्रको समग्र वित्तीय स्थायित्व र बीमकहरूको दायित्व वहन गर्ने क्षमताप्रति सकारात्मक संकेत प्रदान गर्दछ। जीवन तथा लघु जीवन बीमकहरूको सोल्भेन्सी अनुपात अनुसूची ३३ मा राखिएको छ।

## २.३ निर्जीवन बीमा बजार

### २.३.१ निर्जीवन बीमा कम्पनीहरूको चुक्ता पूँजी तथा कोष

आ.व. २०७९/८० मा निर्जीवन बीमकहरूको चुक्ता पूँजी, विशेष जगेडा कोष, अन्य जगेडा कोष, संचित मुनाफा तथा महाविपत्ति जगेडा कोष क्रमशः रू.२५ अर्ब २६ करोड, रू.२१ अर्ब २० करोड, रू.१८ अर्ब ६३ करोड, रू.४ अर्ब ९ करोड र रू.१ अर्ब ३९ करोड रहेकोमा आ.व. २०८०/८१ मा उक्त कोषहरूमा क्रमशः रू.२४ अर्ब ६२ करोड, रू.२३ अर्ब ४४ करोड, रू.१५ अर्ब ९७ करोड, रू.५ अर्ब ४१ करोड र १ अर्ब ८९ करोड रहेको देखिन्छ। यसै गरी आ.व. २०८१/८२ मा उक्त कोषहरूमा क्रमशः रू.२७ अर्ब २ करोड, रू.२५ अर्ब २७ करोड, रू.१७ अर्ब ४ करोड, रू.४ अर्ब ८७ करोड र २ अर्ब १४ करोड रूपैयाँ जम्मा भएको देखिन्छ। विगत ३ आर्थिक वर्षमा निर्जीवन बीमा कम्पनीको विशेष जगेडा कोष र महाविपत्ती जगेडा कोष क्रमशः वृद्धि भएको देखिन्छ।

लेखाचित्र नं. १२

निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको चुक्ता पूँजी तथा कोष (रू. करोडमा)




*आ.व. २०८१/८२ को तथ्याङ्क लेखपरिक्षण नभएको

** राष्ट्रिय बीमा कम्पनीको लेखापरिक्षण नभएको तथ्याङ्क समावेश गरिएको

## २.३.२ निर्जीवन बीमा कम्पनीहरूको जारी गरेको बीमालेख, आर्जित बीमाशुल्क र खुद नाफा

आ.व. २०७९/८० मा २७ लाख ९२ हजार ५ सय १३ वटा बीमालेख जारी भएकोमा आ.व. २०८०/८१ मा केही वृद्धि भई २८ लाख ४९ हजार ९ सय ३४ वटा बीमालेख जारी भएको थियो। त्यसैगरी, आ.व. २०८१/८२ मा गत आ.व. भन्दा वृद्धि हुन गई २८ लाख ६४ हजार ९ सय ४५ वटा बीमालेख जारी भएको देखिन्छ।

लेखाचित्र नं. १३

निर्जीवन बीमकले जारी गरेको बीमालेख संख्या




आ.व. २०७९/८० मा रू.४० अर्ब ५१ करोड कुल बीमाशुल्क संकलन भएको देखिन्छ। आ.व. २०८०/८१ मा बीमाशुल्क संकलन घट्न गई रू.३९ अर्ब ८५ करोड र आ.व. २०८१/८२ सम्ममा वृद्धि भई रू.४३ अर्ब ९६ करोड कुल बीमाशुल्क संकलन भएको देखिन्छ।

लेखाचित्र नं. १४

निर्जीवन बीमकको कुल बीमाशुल्क र खुद नाफा (रू. करोडमा)







निर्जीवन बीमकहरूले आर्जन गरेको खुद नाफा आ.व. २०७९/८० मा रू.५ अर्ब १८ करोड देखिएकोमा आ.व. २०८०/८१ मा २८.५७ प्रतिशतले वृद्धि हुन गई रू.५ अर्ब ८६ करोड पुगेकोमा गत आ.व.को तुलनामा आ.व. २०८१/८२ मा मुनाफा २८.९४ प्रतिशतले घट्न गई रू.४ अर्ब १६ करोड रहेको छ।

## २.३.३ निर्जीवन बीमा दाबी भुक्तानी

निर्जीवन बीमा व्यवसायमा पनि बीमा दाबी भुक्तानी संख्या क्रमिक रूपमा थोरै भए पनि घट्दै गइरहेको देखिन्छ। आ.व. २०७९/८० मा १ लाख ६२ हजार ५ सय २४ वटा दाबी भुक्तानी भएकोमा, आ.व. २०८०/८१ र आ.व. २०८१/८२ मा सो संख्या क्रमशः १ लाख ५१ हजार ७ सय २३ र १ लाख ४९ हजार १ सय ५ वटा निर्जीवन बीमकले दाबी भुक्तानी गरेको देखिन्छ। सो बमोजिमको दाबी भुक्तानी रकम भने आ.व. २०७९/८० मा रू.२४ अर्ब १८ करोड कुल दाबी भुक्तानी भएकोमा आ.व. २०८०/८१ मा घट्न गई रू.१८ अर्ब ८ करोड मात्र भुक्तानी भएको थियो भने आ.व. २०८१/८२ मा वृद्धि हुन गई रू.२५ अर्ब १४ करोड बीमा दाबी भुक्तानी भएको थियो।

लेखाचित्र नं. १५

निर्जीवन बीमकको दाबी भुक्तानी भएको संख्या र रकम र बाँकी संख्या र रकम (रू. करोडमा)







**आ.व. २०८१/८२ को तथ्याङ्क लेखपरिक्षण नभएको, ** राष्ट्रिय बीमा कम्पनी को लेखापरिक्षण नभएको*
****नेशनल इन्स्योरेन्स लिको २०८०/८१ को लेखा परीक्षण नभएको नभएको तथ्याङ्क समावेश गरिएको*

त्यसैगरी, आ.व. २०७९/८० मा ९२ हजार ८ सय ६९ वटा बीमा दाबी भुक्तानी गर्न बाँकी रहेकोमा, आ.व. २०८०/८१ र आ.व. २०८१/८२ मा सो संख्या क्रमशः ८४ हजार ४१ र ९५ हजार १ सय ५८ वटा रहेको देखिन्छ। सो बमोजिमको दाबी भुक्तानी हुन बाँकी रकम भने आ.व. २०७९/८० मा रू.२७ अर्ब ५१ करोड भएकोमा आ.व. २०८०/८१ मा घट्न गई रू.२० अर्ब ८४ करोड मात्र भुक्तानी भएको थियो। तर आ.व. २०८१/८२ मा वृद्धि हुन गई रू.२५ अर्ब ३ करोड बीमा दाबी भुक्तानी हुन बाँकी रहेको थियो।

### २.३.४ निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरूबाट भएको लगानी

आ.व. २०७९/८० सम्ममा निर्जीवन बीमकहरूबाट रू.७४ अर्ब ६८ करोड लगानी भएकोमा यो रकम आ.व. २०८०/८१ सम्ममा ४.८७ प्रतिशतले वृद्धि भई रू.७८ अर्ब ३२ करोड पुगेको थियो। त्यसैगरी, आ.व. २०८१/८२ सम्ममा १४.१६ प्रतिशतले ह्रास भई रू.६७ अर्ब २३ करोड पुगेको थियो।

लेखाचित्र नं. १६

निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरूबाट भएको लगानी (रू. करोडमा)




**आ.व. २०८१/८२ को तथ्याङ्क लेखपरिक्षण नभएको*
*** राष्ट्रिय बीमा कम्पनीको लेखापरिक्षण नभएको तथ्याङ्क समावेश गरिएको*

### २.३.५ निर्जीवन तथा लघु निर्जीवन बीमकहरूको सोल्भेन्सीको अवस्था

प्राधिकरणले ‘Risk Based Capital and Solvency Directives’ जारी गरी जोखिममा आधारित पूँजी तथा सोल्भेन्सी व्यवस्था लागू गरेसँगै नेपाली बीमा बजारले सोल्भेन्सी २ को व्यवस्था अवलम्वन गरेको छ। आ.व. २०८१/८२ मा स्वीकृत गरिएको निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरूको आ.व. २०८०/८१ को बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन विश्लेषण गर्दा बीमकहरूको सल्भेन्सी अवस्था सकारात्मक देखिन्छ। यसले आ.व. २०८०/८१ को बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन विश्लेषण गर्दा सबै बीमकहरूको वित्तीय अवस्था सुदृढ, स्थायित्वपूर्ण तथा नियामक मापदण्डअनुरूप सन्तोषजनक अवस्थामा रहेको देखिन्छ। बीमा क्षेत्रको समग्र वित्तीय स्थायित्व र बीमकहरूको दायित्व वहन गर्ने क्षमताप्रति सकारात्मक संकेत प्रदान गर्दछ। निर्जीवन बीमकहरूको सोल्भेन्सी अनुपात अनुसूची ३४ मा राखिएको छ।

## २.४ लघुबीमा बजार

### २.४.१ लघु जीवन बीमकले जारी गरेको बीमालेख संख्या र सक्रिय जीवन बीमालेख संख्या

लघु जीवन बीमकले आ.व. २०७९/८० मा स्थापना भई यस आ.व. को अन्तिम महिनाबाट कारोबार सुरु गरेकाले कुल जारी बीमालेख संख्या जम्मा २१९ वटा रहेकोमा आ.व. २०८०/८१ र आ.व. २०८१/८२ मा जारी बीमालेख संख्या क्रमश बढ्दा जम्मा १ लाख ४ हजार ४८० र १७ लाख ३६ हजार ४४९ वटा बीमालेख जारी भएको देखिन्छ।

तालिका नं. ७

लघु जीवन बीमकबाट जारी तथा सक्रिय जीवन बीमालेख संख्या

| विवरण | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| जारी जीवन बीमालेख संख्या | २१९ | १०४,४८० | १,७३६,४४९ |
| सक्रिय जीवन बीमालेख संख्या | २१९ | १०६,८५७ | १,५२८,५१० |

त्यसैगरी, आ.व. २०७९/८० मा सक्रिय जीवन बीमालेखको संख्या २१९ वटा रहेकोमा आ.व. २०८१/८२ सम्ममा जम्मा १५ करोड २८ लाख ५१० वटा बीमालेख सक्रिय रहेको देखिन्छ।

### २.४.२ लघु जीवन बीमकले संकलन गरेको कुल बीमाशुल्क

आ.व. २०७९/८० को अन्तिम महिनाबाट व्यवसाय सुरु गरेका लघु जीवन बीमकहरूले जम्मा रू.२ लाख मात्र कुल बीमाशुल्क रकम संकलन गरेकोमा आ.व. २०८०/८१ र आ.व. २०८१/८२ क्रमिक रूपमा बढेर रू.१६ करोड ९८ लाख र रू.८४ करोड ३४ लाख संकलन भएको छ।

तालिका नं. ८

लघु जीवन बीमकले संकलन गरेको कुल बीमाशुल्क (रू. करोडमा)

| विवरण | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| कुल बीमाशुल्क | ०.०२ | १६.९८ | ८४.३४ |

### २.४.३ लघु जीवन बीमा दाबी विवरण

व्यवसाय सुरु गरेको प्रथम वर्ष भएकाले आ.व. २०७९/८० बीमा दाबीको विवरण नभएता पनि आ.व. २०८०/८१ मा ७९ वटा दाबी संख्या को रू.१ करोड लाख १९ हजार र आ.व. २०८१/८२ क्रमिक रूपमा बढेर जम्मा २ हजार १०९ दाबी संख्यामा रू.२५ करोड ६८ लाख भुक्तानी भएको थियो भने जम्मा ५ वटा बीमालेख बापत रू.९ लाख भुक्तानी गर्ने बाँकी रहेको देखिन्छ।

तालिका नं. ९

लघु जीवन बीमकको बीमा दाबी विवरण (रू. करोडमा)

| विवरण | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| दाबी भुक्तानी संख्या | - | ७९ | २१०९ |
| दाबी भुक्तानी रकम (रू. करोडमा) | - | १.१९ | २५.६८ |
| भुक्तानी हुन बाँकी दाबी संख्या | - | - | ५ |
| भुक्तानी हुन बाँकी दाबी रकम (रू. करोडमा) | - | - | ०.०९ |

### २.४.४ लघु निर्जीवन बीमकले जारी गरेको बीमालेख संख्या

लघु निर्जीवन बीमकले आ.व. २०७९/८० मा स्थापना भई यस आ.व. को अन्तिम महिनाबाट कारोबार सुरु गरेकाले कुल जारी बीमालेख संख्या जम्मा ३ वटा रहेकोमा आ.व. २०८०/८१ र आ.व. २०८१/८२ मा जारी बीमालेख संख्या क्रमशः बढ्दा जम्मा १ लाख २७ हजार १८२ र ३ लाख ७९ हजार ४३८ वटा बीमालेख जारी भएको देखिन्छ।

तालिका नं. १०

लघु निर्जीवन बीमकले जारी गरेको बीमालेख संख्या

| आ.व. | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| कुल जारी बीमालेखको संख्या | ३ | १२७,१८२ | ३७९,४३८ |

### २.४.५ लघु निर्जीवन बीमकले संकलन गरेको कुल बीमाशुल्क

आ.व. २०७९/८० को अन्तिम महिनाबाट व्यवसाय सुरु गरेका लघु निर्जीवन बीमकहरूले जम्मा रू.३९ रूपैयाँ मात्र कुल बीमाशुल्क रकम संकलन गरेकोमा आ.व. २०८०/८१ र आ.व. २०८१/८२ क्रमिक रूपमा बढेर रू.८ करोड ४१ लाख र रू.९५ करोड ३९ लाख संकलन गरेका छन्।

तालिका नं.११

लघु निर्जीवन बीमकले संकलन गरेको कुल बीमाशुल्क (रू. करोडमा)

| विवरण | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| कुल बीमाशुल्क | ०.००००००३९ | ८.४१ | ९५.३९ |

### २.४.६ लघु निर्जीवन बीमा दाबी विवरण

व्यवसाय सुरु गरेको प्रथम वर्ष भएकाले आ.व. २०७९/८० बीमा दाबीको विवरण नभएता पनि आ.व. २०८०/८१ मा १६४ वटा दाबी संख्या को रू.१ करोड ४६ लाख र आ.व. २०८१/८२ क्रमिक रूपमा बढेर जम्मा १ हजार ७५४ दाबी संख्यामा रू.१६ करोड २४ लाख भुक्तानी भएको थियो भने आ.व. २०८१/८२ मा जम्मा १ हजार २४ वटा बीमालेख बापत रू.७ करोड ६९ लाख भुक्तानी गर्ने बाँकी रहेको देखिन्छ।

तालिका नं.१२

लघु निर्जीवन बीमकको बीमा दाबी विवरण (रू. करोडमा)

| विवरण | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| दाबी भुक्तानी संख्या | - | १६४ | १७५४ |
| दाबी भुक्तानी रकम (रू. करोडमा) | - | १.४६ | १६.२४ |
| भुक्तानी हुन बाँकी दाबी संख्या | - | २०५ | १,०२४ |
| भुक्तानी हुन बाँकी दाबी रकम (रू. करोडमा) | - | २.५३ | ७.६९ |

### २.४.७ लघु जीवन र निर्जीवन बीमकको लगानी

लघु जीवन बीमा कम्पनीको आ.व. २०७९/८० सम्ममा रू.१ अर्ब २ करोड लगानी भएको थियो भने आ.व. २०८०/८१ सम्ममा ५५.५५ प्रतिशतले वृद्धि भई रू.१ अर्ब ५८ करोड लगानी रहेको देखिन्छ। त्यसैगरी, आ.व. २०८१/८२ सम्ममा वृद्धि भई रू.२ अर्ब ३० करोड लगानी भएको देखिन्छ। लघु निर्जीवन बीमा कम्पनीहरूले आ.व. २०८०/८१ सम्ममा रू.९३ करोड ५० लाख र आ.व. २०८०/८१ सम्ममा ११५ प्रतिशतको वृद्धि भई रू.२ अर्ब ९५ लाख भएकोमा ४९.९६ प्रतिशत ले वृद्धि भई आ.व. २०८१/८२ सम्ममा रू.२ अर्ब ५१ करोड लगानी गरेको देखिन्छ।

तालिका नं.१३

लघु बीमकको लगानी विवरण (रू. करोडमा)

| बीमक | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| लघुजीवन रू. | १,०१.६३ | १,५८.०९ | २,३०.०६ |
| लघुनिर्जीवन रू. | ९३.५० | २,००.९५ | २५०.९१ |

## २.५ अन्य बीमा बजार

### २.५.१ कृषि तथा पशुपन्छी बीमा

आ.व. २०८१/८२ मा बाली तथा पशुपन्छी बीमा व्यवसायमध्ये १,६७८ वटा बाली बीमा तर्फ, १,६०,३३२ वटा पशुपन्छी बीमा तर्फ गरी जम्मा जारी बीमालेख संख्या १,६२,०१० वटा रहेको छ। आ.व. २०८१/८२ मा बीमाङ्क रकम बाली बीमा तर्फ रू.१ अर्ब ९२ करोड ८५ लाख पुगेको देखिन्छ भने पशुपन्छी बीमा तर्फ रू.३४ बर्ब ९१ करोड र ६३ लाख गरी जम्मा बीमांक रू.३६ अर्ब ८४ करोड र ४८ लाख रहेको छ। बीमकले आ.व. २०८१/८२ मा बाली तर्फ रू.११ करोड २८ लाख, पशुपन्छी बीमा तर्फ रू.१ अर्ब ५८ करोड र ८३ लाख गरी बीमकले रू.१ अर्ब ७० करोड र ११ लाख बीमाशुल्क आर्जन गरेको छ।

तालिका नं. १४

आ.व. २०८१/८२ मा बाली तथा पशुपन्छी बीमा व्यवसायको अवस्था

| विवरण | बाली | पशुपन्छी | जम्मा |
|---|---|---|---|
| जारी बीमालेख संख्या | १६७८ | १६०,३३२ | १६२,०१० |
| बीमाङ्क (रू. करोडमा) | १९२.८५ | ३,४९१.६३ | ३,६८४.४८ |
| बीमाशुल्क (रू. करोडमा) | ११.२८ | १५८.८३ | १७०.११ |
| अनुदान रकम (रू. करोडमा) | ८.८४ | १२५.००४ | १३३.८४ |
| दाबी भुक्तानीको संख्या | ११२३ | २२,५६० | २३,६८३ |
| कुल दाबी भुक्तानी रकम (रू. करोडमा) | २१.९१ | १२०.२४ | १४२.१५ |

नेपाल सरकारले कृषि बीमालाई प्राथमिकतामा राख्दै बीमितलाई कृषि तथा पशुपन्छी बीमाको बीमाशुल्कमा ५० देखि ८० प्रतिशतसम्मको अनुदान प्रदान गर्दै आएको छ। सो बमोजिम रू.८ करोड ८४ लाख बाली तर्फ र रू.१ अर्ब २५ करोड पशुपन्छीतर्फ नरी रू.१ अर्ब ३३ करोड ८४ लाख रूपैंयाँ कुल अनुदान रकम रहेको छ।

त्यसै गरी आ.व. २०८१/८२ मा बीमकहरूबाट कृषि तथा पशुपन्छी बीमा अन्तर्गत बाली बीमा तर्फ १,१२३ वटा, पशुपन्छी बीमातर्फ २२,५६० वटा गरी जम्मा २३,६८३ वटा बीमा दाबी भुक्तानी भएको देखिन्छ। जस अन्तर्गत बाली बीमाको रू.२१ करोड ९१ लाख, पशु बीमा अन्तर्गतको रू.१ अर्ब २० करोड २४ लाख गरी जम्मा रू.१ अर्ब ४२ करोड र १५ लाख बराबरको रकम बीमकबाट बीमा दाबी बापत भुक्तानी भएको देखिन्छ।

### २.५.२ स्वास्थ्य बीमा

आ.व. २०८१/८२ मा स्वास्थ्य बीमा तर्फ ३० हजार ७ सय १६ बीमालेख जारी भई रू.१ अर्ब ४८ करोड ९३ लाख बराबरको बीमाशुल्क आर्जन भएको देखिन्छ। त्यसै गरी कुल दाबी भुक्तानी संख्या ४० हजार २६३ रहेकोमा रू.१ अर्ब ९७ करोड ७८ लाख बराबरको रकम दाबी बापत भुक्तानी भएको देखिन्छ।

तालिका नं. १५

आ.व. २०८१/८२ मा स्वास्थ्य बीमा व्यवसायको अवस्था

| | |
|---|---|
| जारी बीमालेखको संख्या | ३०,७१६ |
| कुल बीमाशुल्क (रू. करोडमा) | १४८.९३ |
| कुल दाबी भुक्तानी संख्या | ४०,२६३ |
| कुल दाबी भुक्तानी रकम (रू. करोडमा) | १९७.७८ |

### २.५.३ वैदेशिक रोजगार जीवन बीमा

आ.व. २०८१/८२ मा वैदेशिक रोजगार जीवन बीमा तर्फ ८ लाख ४३ हजार ५५९ बीमालेख जारी भई रू.३ अर्ब ५७ करोड ४४ लाख बराबरको बीमाशुल्क आर्जन भएको देखिन्छ। जसमा सक्रिय बीमालेखको संख्या २५ लाख ८६ हजार ३१३ रहेको छ। त्यसै गरी कुल दाबी भुक्तानी संख्या १ हजार ४०७ भएकोमा रू.१ अर्ब ४९ करोड ७३ लाख रकम दाबी बापत भुक्तानी भएको देखिन्छ।

तालिका नं. १६

आ.व. २०८१/८२ मा वैदेशिक रोजगार म्यादी जीवन बीमाको विवरण

| विवरण | जम्मा |
|---|---|
| जारी बीमालेखको संख्या | ८,४३,५५९ |
| कुल सक्रिय रहेको बीमालेखको संख्या | २५,८६,३१३ |
| बीमाशुल्क (रू. करोडमा) | ३५७.४४ |
| कुल दाबी भुक्तानी संख्या | १४०७ |
| कुल दाबी भुक्तानी रकम (रू. करोडमा) | १४९.७३ |

### २.५.४ मोटर बीमा

आ.व. २०८१/८२ मा मोटर बीमा तर्फ जम्मा जारी बीमालेख संख्या १९ लाख २१ हजार ८०६ वटा मध्ये ९ लाख २७ हजार ३३६ व्यापक बीमा र ९ लाख ९४ हजार ४७० तेस्रो पक्ष बीमालेख जारी भएको थियो। उक्त जारी बीमालेख मार्फत बीमकले रू.१३ अर्ब ७५ करोड ३९ लाख बराबरको कुल बीमाशुल्क संकलन गरेका थिए। जसमध्ये ११ अर्ब ६ करोड ५४ लाख व्यापक र बाँकी २ अर्ब ६८ करोड ८५ लाख तेस्रो पक्ष बीमा अन्तर्गत रहेको छ।

तालिका नं. १७

## आ.व. २०८१/८२ मा मोटर बीमाको अवस्था

| बीमाको प्रकार | व्यापक | तेस्रोपक्ष | जम्मा |
|---|---|---|---|
| जारी बीमालेखको संख्या | ९,२७,३३६ | ९,९४,४७० | १९,२१,८०६ |
| कुल बीमाशुल्क (रू. करोडमा) | ११,०६.५४ | २,६८.८५ | १३,७५.३९ |
| कुल दाबी भुक्तानी संख्या | ५१,५९१ | ५,००६ | ५६,५९७ |
| कुल दाबी भुक्तानी रकम (रू. करोडमा) | ७,७७.५१ | ७५.८७ | ८,५३.३८ |

त्यसैगरी, कुल दाबी भुक्तानी संख्या ५६ हजार ५ सय ९७ वटा मार्फत रू.८ अर्ब ५३ करोड ३८ लाख रूपैयाँ बराबरको रकम दाबी भुक्तानी भएको देखिन्छ। जस अन्तर्गत, व्यापक बीमालेखबाट रू.७ अर्ब ७७ करोड ५१ लाख रूपैयाँ र तेस्रोपक्ष बीमालेखबाट रू.७५ करोड ८७ लाख रूपैयाँ बीमा दाबी भुक्तानी भएको देखिन्छ।

भाग ३

# नेपाल बीमा प्राधिकरण

## ३.१ बीमा व्यवसायको विकास

नेपालमा बीमाको इतिहास सन्दर्भमा वि.सं. २००७ सालको क्रान्तिभन्दा पहिले रघुपति जुट मिल, जुद्द म्याच फ्याक्ट्री, विराटनगर कटन मिल, वीरगन्ज कटन मिल स्थापना भएका थिए। नेपाल बैंकको स्थापना र औद्योगिक प्रतिष्ठानको स्थापनापछि ती कम्पनीहरूमा कर्जा प्रवाह गर्दा बीमाको आवश्यकता महसुस भएको थियो। बैंकले कर्जा प्रवाह गर्दा केही भारतीय बीमा कम्पनीले नेपालमा निर्जीवन बीमाको सेवा सुरु गरेको पाइन्छ।

२००४ सालमा नेपाल माल चलानी तथा बीमा कम्पनीको स्थापना भयो। यो संस्था नेपाल कम्पनी ऐन अन्तर्गत नेपाल बैंक लिमिटेडको पूर्ण स्वामित्वमा स्थापना भएको थियो। २०१६ सालमा यो कम्पनी नेपाल इन्स्योरेन्स एन्ड ट्रान्सपोर्ट कम्पनी लिमिटेडमा परिवर्तन भयो। पछि वि.सं. २०४८ सालमा नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको नामबाट निर्जीवन बीमाको काम गर्ने गरी पूनः नामाकरण गरिएको थियो। वि.सं. २०२४ साल पुष १ गते एक करोड रूपैयाँ अधिकतम पूँजीमा राष्ट्रिय बीमा संस्थान प्राइभेट लिमिटेडको स्थापना भयो। 'राष्ट्रिय बीमा संस्थान ऐन, २०२५' आएपछि वि.सं. २०२५ पुष १ गते राष्ट्रिय बीमा संस्थानमा परिर्वतन गरियो। संस्थानले स्थापनाको प्रारम्भमा निर्जीवनमा बीमाको कार्य गरी २०२९ देखि जीवन बीमा व्यवसाय प्रारम्भ गऱ्यो।

चित्र नं. १ नेपाली बीमा व्यवसायको विकास




२०४६ सालको राजनीतिक परिवर्तन पछि सरकारले उदार अर्थनीति अवलम्बन गरेपछि नयाँ बीमा कम्पनी थपिने क्रम बढ्यो। वि.सं.२०४६ साल अगाडी बीमा व्यवसाय गर्ने निजी स्तरको कम्पनीको रूपमा २०४४ सालमा

नेशनल लाइफ एण्ड जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडको मात्र स्थापना भएको थियो। निजी कम्पनीले सुरुमा निर्जीवन बीमा व्यवसाय र त्यसको दुई बर्षपछि मात्र जीवन बीमा व्यवसाय गर्न स्वीकृती पाएको थियो। तत्पश्चात नेपालमा बीमा कम्पनीहरू स्थापनाको लहर प्रारम्भ भयो। विस्तारै निजी क्षेत्र बीमा व्यवसायप्रति आकर्षित भई आ.व. २०७८/७९ को अन्त्य सम्ममा जम्मा बीमा कम्पनीहरूको संख्या ४९ वटासम्म पुगेको थियो भने हाल आ.व. २०८१/८२ सम्ममा ३७ वटा संख्या कायम रहेको छ।

## ३.२ नेपाल बीमा प्राधिकरणको इतिहास र विकास

बीमा क्षेत्रका सरोकारवालाहरू बीमा कम्पनी, बीमा सर्भेयर, बीमा अभिकर्ता आदिको उचित सुपरिवेक्षण तथा नियमन गरी समग्र बीमा उद्योगलाई मर्यादित र स्वच्छ बनाउनका लागि एउटा सक्षम नियमनकारी निकायको आवश्यकता परिपूर्ति गर्न वि.सं. २०२५ सालमा तत्कालीन श्री ५ को सरकार, अर्थ मन्त्रालय अन्तर्गत एउटा इकाइका रूपमा तत्कालीन बीमा समितिको स्थापना भएको थियो, जसको स्वरूपमा करिव साढे दुई दशकसम्म कुनै परिवर्तन भएन। सरकारको उदार आर्थिक नीतिको योजना अन्तर्गत निजी क्षेत्र समेतका थुप्रै बीमा कम्पनीहरू स्थापना भएको हुनाले सशक्त बीमा नियमनकारी निकायको आवश्यकता महसुस गरी बीमा ऐन, २०४९ जारी गरी सोही ऐन अन्तर्गत वि.सं. २०४९ सालदेखि तत्कालीन बीमा समितिलाई एउटा स्वायत्त नियमनकारी निकायका रूपमा स्थापना गरियो। बीमा क्षेत्रलाई थप व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाउनका लागि बीमा ऐन, २०४९ लाई बीमा ऐन, २०७९ ले प्रतिस्थापित गरी बीमा समितिबाट नेपाल बीमा प्राधिकरणमा रूपान्तरणका साथै थप अधिकार सम्पन्न र सशक्त नियमनकारी निकायको रूपमा कानूनी व्यवस्था निर्माण भएको छ। बीमा ऐन २०७९ लाई थप प्रभावकारी बनाउन वि.सं. २०८१ मा नयाँ बीमा नियमावली जारी भएको छ।

चित्र नं. २ नेपाल बीमा प्राधिकरणको इतिहास



## ३.३ नेपाल बीमा प्राधिकरणको सञ्चालक समिति

बीमा प्रणाली तथा बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाई त्यसको विकास गर्न, बीमा व्यवसायको स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बीमा सेवा उपलब्ध गराउन एवं बीमा व्यवसायको प्रभावकारी रूपमा नियमन गरी बीमितको हक हित संरक्षण गर्नको लागि नेपाल बीमा प्राधिकरणको स्थापना भएको हो।

प्राधिकरणको सञ्चालक समितिमा पाँच सदस्य रहने व्यवस्था छ। बीमा ऐन २०७९ बमोजिम सञ्चालक समितिमा नेपाल सरकारले नियुक्त गरेको वा तोकेको व्यक्ति अध्यक्ष, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि, अर्थ मन्त्रालयका प्रतिनिधि र जीवन बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्तिहरू मध्येबाट एक जना व्यक्ति र निर्जीवन बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्तिहरू मध्येबाट एक जना व्यक्ति सदस्य रहने व्यवस्था रहेको छ। जीवन वा निर्जीवन बीमा व्यवसायमा विशेष ज्ञान भएका सदस्य नियुक्त गर्दा कम्तीमा एकजना महिला हुनुपर्ने अनिवार्य व्यवस्था रहेको छ।

खण्ड - क

# प्राधिकरणबाट सम्पादित प्रमुख कार्य

## १. आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बीमा नीति तथा कार्यक्रम

नेपाल बीमा प्राधिकरणले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि वार्षिक बीमा नीति तथा कार्यक्रम ल्याएको छ। प्राधिकरणले आ.व. २०८२/०८३ को वार्षिक बीमा नीति सार्वजनिक समेत गरेको छ। मिति २०८२ साल असार २४ गते सार्वजनिक गरिएको वार्षिक नीति तथा कार्यक्रम, २०८२/०८३ को मुख्य मुख्य विशेषताहरू देहाय बमोजिम रहेका छन्।

**विशेषताहरू :**

- बीमितको हित संरक्षण, बीमाको पहुँच वृद्धि र बीमाका माध्यमबाट जोखिम हस्तान्तरण गरी वित्तीय स्थायित्व, जलवायु परिवर्तन तथा विपदबाट सिर्जना हुने जोखिमको रक्षावरण, अन्तर्राष्ट्रिय असल अभ्यास तथा अनुसन्धानमा आधारित नीति निर्माण र सूचना प्रविधि तथा डिजिटलाइजेशन लगायतका विषयलाई प्राथमिकता दिइने,
- डिजिटल भुक्तानी तथा वैकल्पिक वितरण प्रणाली मार्फत बीमा सेवालाई सर्वसुलभ बनाउने र बीमालेखका शर्त एवम् सुविधाहरूका बारेमा सहज जानकारी दिने प्रणालीको विकास गर्ने,
- बीमा क्षेत्रमा पारदर्शिता अभिवृद्धिका लागि बीमकहरूमा 'ट्रान्सपरेन्सी ड्यासबोर्ड' प्रणाली लागू गर्ने र बीमित हकहित संरक्षणका लागि कानूनी व्यवस्था गर्ने,
- लघु तथा कृषि बीमालाई प्राथमिकतामा राखी दुर्गम तथा भौगोलिक रूपमा विकट क्षेत्रहरूमा बीमाको पहुँच वृद्धि गर्ने,
- बीमा व्यवसायको विकास एवम् विस्तारका लागि प्रदेश, स्थानीय तह, निजीक्षेत्र र सरोकारवाला निकायहरूसँग सहकार्य गर्ने,
- बीमा सम्बन्धी अध्ययन एवम् अनुसन्धानलाई प्राथमिकताका साथ अगाडि बढाउने,
- बीमा सम्बन्धी गुनासो तथा उजुरी प्रक्रियालाई डिजिटल प्रणालीमा आवद्ध गर्ने र आवश्यकताका आधारमा बीमालेख तथा नीति निर्देशनहरू परिष्कृत गर्ने,
- सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउने,
- अन्तर्राष्ट्रिय असल अभ्यासलाई अनुशरण गर्दै प्राधिकरणको नियामकीय क्षमता अभिवृद्धि गर्ने,
- बीमितको आवश्यकता अनुसार बीमालेख निर्माण गर्ने/गराउने, बीमकहरूले कम्तीमा एउटा नवीनतम बीमालेख निर्माण गर्ने व्यवस्था मिलाउने,
- बीमकको लगानी र पुनर्बीमा व्यवस्था सम्बन्धी विद्यमान कानूनी व्यवस्थामा समयानुकूल परिमार्जन गर्ने,
- बीमा क्षेत्रमा लैङ्गिक समावेशिता प्रवर्दन गर्ने संयन्त्रको विकास गर्ने,
- नयाँ 'मोर्टालिटी टेबल' निर्माण गर्ने र जलवायु परिवर्तन जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राखी कानूनी संरचना निर्माण गर्ने उल्लेख गरिएको छ,
- बीमा सूचना केन्द्र तथा बीमा विकास कोष स्थापना गर्ने,

- बीमा क्षेत्रलाई प्रविधिमैत्री बनाउने, बीमकहरूसँग प्रभावकारी समन्वयका लागि 'नियामकीय अलर्ट सिस्टम' को विकास गर्ने,
- प्राधिकरणमा 'ज्ञान व्यवस्थापन प्रणाली' निर्माण गर्ने र IRMIS तथा ALIS प्रणालीलाई थप प्रभावकारी बनाउने,
- बीमकले बीमितलाई दाबी प्रक्रियाको अवस्थाका बारेमा अद्यावधिक जानकारी दिने प्रणालीको व्यवस्था गराउने र विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने सम्यन्त्रको विकास गर्ने उल्लेख छ,
- जोखिममा आधारित निरीक्षण प्रणालीको अनुशरण गर्दै बीमकको निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउनका लागि जोखिममा आधारित निरीक्षण तथा ORSA कार्यान्वयन गर्ने, जोखिममा आधारित पूँजी सम्बन्धी कानूनी व्यवस्थालाई समयानुकूल परिमार्जन गर्ने, जोखिममा आधारित बीमाशुल्क गणना गर्ने प्रणालीको सम्भाव्यता अध्ययन गर्ने,
- 'Key Performance Indicator' लागू गरी त्रैमासिक रूपमा बीमकको कार्यसम्पादनको समीक्षा गर्ने र बीमा क्षेत्रमा महाविपत्तिबाट उत्पन्न हुने जोखिम न्यूनीकरणका सम्बन्धमा आवश्यक अध्ययन गर्ने लगायतका कार्य गर्ने वार्षिक बीमा नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ,
- बीमा ऐन र बीमा नियमावलीले परिकल्पना गरेको बीमा विकास कोष मार्फत सरकारी विद्यालयका विद्यार्थीहरूको बीमा गर्ने व्यवस्था गर्ने र सोही कोषको प्रयोग मार्फत लक्षित समूह तथा वर्गलाई बीमाको दायरामा ल्याउन पाइलट प्रोजेक्टको रूपमा बीमा गरिदिने व्यवस्था गर्ने।

## २. प्राधिकरणबाट जारी भएका निर्देशिकाहरू

**(क) वैदेशिक रोजगार म्यादी जीवन बीमा सामूहिक बीमा कोष (पुल) स्थापना तथा संचालन सम्बन्धी निर्देशन, २०८१ (दोस्रो संशोधन सहित)**

नेपाल बीमा प्राधिकरणले वैदेशिक रोजगार म्यादी जीवन बीमा व्यवसायलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन 'वैदेशिक रोजगार म्यादी जीवन बीमा सामूहिक बीमा कोष (पुल) स्थापना तथा संचालन सम्बन्धी निर्देशन, २०८१' (दोस्रो संशोधन सहित) जारी गरेको छ। सो निर्देशिकाको प्रमुख विशेषताहरू देहाय बमोजिम रहेको छ।

**प्रमुख विशेषताहरू :**

- मिति २०८२ साल वैशाख ५ गते दोस्रो संशोधन सहित स्वीकृत भई जारी भएको।
- सामूहिक बीमा कोष स्थापना गरी वैदेशिक रोजगार म्यादी जीवन बीमालेख जारी गर्ने तथा प्राप्त हुने बीमाशुल्क र दाबी व्यवस्थापन गर्ने व्यवस्था गरिएको,
- सामूहिक बीमा कोषमा आवद्ध बीमकहरूले मात्र वैदेशिक रोजगार म्यादी जीवन बीमालेख जारी गर्नुपर्ने,
- प्राधिकरणबाट इजाजतपत्रप्राप्त प्रत्येक पुनर्बीमकले चार वर्षका लागि पालैपालो कोष प्रवन्धकको रूपमा कार्य गर्ने,
- वैदेशिक रोजगार म्यादी जीवन बीमालेख जारी गर्ने सदस्य बीमकले बीमालेख जारी गर्नेदेखि दाबी भुक्तानीसम्मको कामका लागि व्यवस्थापन खर्च स्वरूप बीमाशुल्कको एक प्रतिशत हुने रकम पाउने,
- वैदेशिक रोजगार विभागमा सूचीकृत भई लगातार तीन महिनासम्म बीमालेख जारी नगर्ने बीमकको कोषको सदस्यता स्वतः खारेज हुने।

### (ख) मौद्रिक क्षति बीमा सम्बन्धी निर्देशन, २०८१

बैंक, वित्तीय संस्था तथा नगद कारोवार गर्ने संस्थाको परिसर तथा पारवहन प्रक्रियामा रहेका नगद र नगदजन्य उपकरण तथा सुरक्षण (सेक्युरिटी) र वित्तीय संस्थाको धितोबन्धकमा राखिएका नगद तथा नगदजन्य उपकरण र सुरक्षण (सेक्युरिटी) मा आइपर्नसक्ने जोखिमहरू विरूद्धको रक्षावरण गर्ने बीमा सम्बन्धी व्यवस्थाहरूलाई व्यवस्थित गर्नका लागि नेपाल बीमा प्राधिकरणले मिति २०८१ साल फागुन ८ गते 'मौद्रिक क्षति बीमा सम्बन्धी निर्देशन, २०८१' जारी गरेको छ।

**प्रमुख विशेषताहरू:**

- बीमकले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूका लागि बैंकर क्षतिपूर्ति बीमालेख र प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाहरूका लागि नगद बीमालेख तथा निष्ठा जमानी बीमालेख जारी गर्न सक्ने,
- बीमकले बीमालेख जारी गर्दा बीमालेख जारी भएको वास्तविक समय (घण्टा र मिनेट) तथा जोखिम प्रारम्भ भएको वास्तविक समय (घण्टा र मिनेट) सहित उल्लेख गर्नुपर्ने,
- बीमालेख जारी हुने मिति र जोखिम प्रारम्भ हुने मिति फरक पारी बीमालेख जारी गर्न नपाइने,
- नगद बीमालेख तथा बैंकर क्षतिपूर्ति बीमालेख अन्य कुनै पक्षको नाममा नामसारी गर्न नपाइने,
- एकपटक बीमालेख जारी भइसकेपछि बीमालेखको अवधीभर बीमाङ्क रकम, बीमाशुल्क तथा दररेट सम्बन्धमा असर पर्ने गरी थपघटको सम्पुष्टि जारी गर्न नपाइने,
- बैंकर क्षतिपूर्तिको बीमालेखको अवधी एक वर्षको हुने,
- नगद बीमालेख एक वर्ष वा सोभन्दा कम अवधीको लागि मात्र जारी गर्न सकिने,
- निष्ठा जमानी बीमालेख एक वर्ष अवधीको लागि मात्र जारी गर्न सकिने,
- बीमकले बीमालेखमा उल्लेखित जोखिम बाहेकका अन्य जोखिम समावेश गर्नु परेमा थप बीमाशुल्क लिई अतिरिक्त बीमालेख जारी गर्न सक्ने।

### (ग) बीमकको स्थिर सम्पत्ति खरिद तथा बिक्री सम्बन्धी निर्देशन, २०८१

नेपाल बीमा प्राधिकरणले बीमकको स्थिर सम्पत्ति खरिद, निर्माण तथा बिक्री प्रक्रियालाई व्यवस्थित, पारदर्शी र मितव्ययी बनाउनका लागि मिति २०८१ साल पुस २४ गते 'बीमकको स्थिर सम्पत्ति खरिद तथा बिक्री सम्बन्धी निर्देशन, २०८१' जारी गरेको छ।

**प्रमुख विशेषताहरू :**

- बीमकले कार्यालय प्रयोजन, व्यवसायिक प्रयोजन र कार्यालय तथा व्यवसायिक प्रयोजनका लागि घर जग्गा खरिद वा निर्माण गर्न सक्ने,
- बीमकले घर जग्गा खरिद तथा निर्माण गर्नुपूर्व प्राधिकरण समक्ष सुरूमा सैद्धान्तिक स्वीकृती र त्यसपश्चात् अन्तिम स्वीकृतीका लागि तोकिएका वितरण तथा कागजातहरू सहित निवेदन दिनुपर्ने,
- प्राधिकरणले बीमकबाट प्राप्त निवेदन र संलग्न कागजातको जाँचबुझ गरी कुनै शर्त तोकी वा नतोकी अन्तिम स्वीकृती दिनसक्ने,
- बीमकले तोकिएको सीमाभित्र रही स्थिर सम्पत्ति खरिद वा निर्माण गर्नुपर्ने,

- बीमकले आफ्नो स्वामित्वमा रहेका घर जग्गा बिक्री गर्दा प्राधिकरणबाट स्वीकृती लिनुपर्ने र घर जग्गा बिक्री भएको मितिले १५ दिनभित्र प्राधिकरणलाई जानकारी दिनुपर्ने,
- बीमकले आफ्नो खरिद तथा आर्थिक प्रशासन विनियमावलीमा स्थिर सम्पत्ति खरिद, निर्माण तथा बिक्री गर्ने सम्बन्धी स्पष्ट व्यवस्था गर्नुपर्ने,
- बीमकले स्थिर सम्पत्ति खरिद वा निर्माण गर्दा आफ्नो व्यवसायको आकार, प्रकृति, जोखिम प्रोफाइल र संचालन जटिलता एवम् कारोवारको विशिष्टताका आधारमा तरलता व्यवस्थापन सुनिश्चित गर्नुपर्ने,
- बीमकले वित्तीय स्वार्थ रहेको व्यक्ति, फर्म, संस्था वा साझेदारसँग घर जग्गा खरिद, निर्माण वा बिक्री गर्न नपाउने।

### (घ) मेलमिलाप तथा मध्यस्थता सम्बन्धी कार्यविधि, २०८१

नेपाल बीमा प्राधिकरणले मेलमिलाप तथा मध्यस्थताको प्रक्रियाका माध्यमबाट बीमा सम्बन्धी विवादको निरूपण गर्ने सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न मिति २०८१ साल भदौ १२ गते 'मेलमिलाप तथा मध्यस्थता सम्बन्धी कार्यविधि, २०८१' लागू गरेको छ।

**प्रमुख विशेषताहरू / विषयहरू :**

- नेपाल बीमा प्राधिकरणमा दर्ता भएका कुनै उजुरीमा वा बीमक, बीमित वा बीमका कुनै पक्षले मेलमिलाप वा मध्यस्थताको माध्यमबाट विवादको निरूपण गर्न निवेदन गरेमा मेलमिलाप वा मध्यस्थताद्वारा विवाद निरूपण गर्न सकिने,
- मेलमिलाप वा मध्यस्थताको माध्यमबाट विवादहरूको निरूपण गर्नका लागि प्राधिकरणका अध्यक्षको संयोजकत्वमा 'मेलमिलाप तथा मध्यस्थता समिति' गठन गर्न सकिने,
- उजुरी वा विवादका पक्षहरूले मेलमिलाप वा मध्यस्थतामध्ये कुनै एक प्रक्रियाद्वारा विवादको निरूपण गर्न चाहेमा सोही व्यहोरा उल्लेख गरी प्राधिकरण समक्ष निवेदन दिनुपर्ने,
- मेलमिलाप वा मध्यस्थताद्वारा विवाद निरूपणका लागि आदेश प्राप्त भएपछि मेलमिलाप वा मध्यस्थता कार्यविधि प्रारम्भ हुने,
- मेलमिलाप तथा मध्यस्थता समितिको प्रतिवेदन संचालक समिति समक्ष पेश गर्नुपर्ने,
- प्राधिकरणमा मेलमिलाप वा मध्यस्थता सम्बन्धी कार्यका लागि मेलमिलाप वा मध्यस्थता संचालन कक्ष र एकान्तवार्ता कक्षको व्यवस्था गर्नुपर्ने,
- प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक मेलमिलाप तथा मध्यस्थता समितिले गरेका सबै प्रक्रिया गोप्य राख्नुपर्ने,
- कुनै उजुरी वा विवादमा मेलमिलाप तथा मध्यस्थता समितिका कुनै सदस्यको स्वार्थ बाझिएको भए त्यस्तो सदस्यले मेलमिलाप तथा मध्यस्थता गर्ने सम्बन्धी विवाद हेर्न नहुने,
- मेलमिलाप वा मध्यस्थता समितिले विवादको निरूपण गर्दा मैत्रीपूर्ण तवरबाट विवाद निरूपण गर्न पक्षहरूलाई स्वतन्त्र तथा निष्पक्ष तरिकाले सहयोग गर्नुपर्ने,
- मेलमिलाप तथा मध्यस्थताद्वारा विवाद निरूपण गर्दा मेलमिलाप वा मध्यस्थता समितिले कार्य प्रारम्भ गरेको मितिले ६० दिनभित्र विवादको निरूपण गरिसक्नुपर्ने।

## ३. नेपाल बीमा प्राधिकरणमा इजलास संचालन

नेपाल बीमा प्राधिकरणले बीमा दाबी सम्बन्धी उजुरीहरूको सुनुवाई गर्ने प्रयोजनका लागि प्राधिकरणको केन्द्रिय कार्यालय, कुपण्डोल, ललितपुरमा मिति २०८२ साल जेठ २२ गतेदेखि इजलास संचालनमा ल्याएको छ। बीमा सम्बन्धी उजुरीहरू शिघ्रताका साथ फछ्र्यौट गर्दै जाने नीति अनुरूप प्राधिकरणमा छुट्टै कक्ष स्थापना गरी इजलास संचालनमा ल्याइएको हो।

## ४. अन्य निकायहरूसँग सहकार्य गर्नका लागि गरिएका सम्झौताहरू

### (क) त्रिभुवन विश्वविद्यालय, स्कुल अफ म्याथमेटिकल साइन्ससँगको सम्झौता

नेपाल बीमा प्राधिकरण र त्रिभुवन विश्वविद्यालय, स्कुल अफ म्याथमेटिकल साइन्सबीच मिति २०८१ साल कार्तिक ४ गते बीमा सम्बन्धी अनुसन्धान र दक्ष बीमाङ्कीय जनशक्ति उत्पादन गर्ने सम्बन्धी समझदारी (Memorandum of Understanding) भएको छ।

**प्रमुख विषयहरू :**

- बीमा सम्बन्धी अनुसन्धान र स्वदेशमा दक्ष बीमाङ्कीय जनशक्ति उत्पादनमा सहयोग गर्ने उद्देश्यले भएको समझदारीको अवधी चार वर्षको रहेको,
- प्राधिकरणले स्कुल अफ म्याथमेटिकल साइन्सका विद्यार्थीहरूको बीमाङ्कीय सीप विकासमा सहयोग गर्ने,
- हरेक वर्ष मेरिट बेसिसका आधारमा म्याथमेटिकल साइन्स (बीमाङ्की विज्ञान)का स्नातक तहका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने, स्रोत व्यक्ति उपलब्ध गराउने र बीमा बजारको आवश्यकताका आधारमा बीमाङ्की विज्ञानको पाठ्यक्रम परिमार्जन गर्न सहयोग गर्ने,
- नेपालको बीमा बजार र अन्तर्राष्ट्रिय बीमा बजारको प्रवृत्तिलाई केन्द्रित गरी बीमा सम्बन्धी अनुसन्धान तथा जोखिम मूल्याङ्कन र नेपाली बीमा बजारको आवश्यकताका आधारमा नयाँ बीमाङ्कीय नमुनाहरूको विकास सम्बन्धी अनुसन्धानमा साझेदारी गर्ने।

### (ख) एक्चुरियल सोसाइटी अफ नेपाल (ASN) सँग सम्झौता

नेपाल बीमा प्राधिकरण र एक्चुरियल सोसाइटी अफ नेपाल (ASN) बीच मिति २०८१ साल कात्तिक ३० गते बीमाङ्कीय विज्ञान सम्बन्धमा समन्वयात्मक ढङ्गले कार्य गर्ने सम्बन्धी समझदारी (Memorandum of Understanding) भएको छ।

**प्रमुख विषयहरू :**

- प्राधिकरण र ASN ले बीमाङ्कीय विज्ञान सम्बन्धमा समन्वयात्मक ढङ्गले कार्य गर्ने,
- बीमा तथा बीमाङ्कीय विज्ञान सम्बन्धी अध्ययन एवम् अनुसन्धान सम्बन्धी कार्य गर्ने,
- बीमा तथा बीमाङ्कीय विज्ञान सम्बन्धी ज्ञानको आदान प्रदान गर्नुका साथै, तालिम, कार्यशाला तथा सम्मेलन आयोजना गर्ने उल्लेख छ।

## ५. प्राधिकरणका प्रकाशनहरू

### (क) बीमा बुलेटिन

नेपाल बीमा प्राधिकरणको केन्द्रिय कार्यालय एवम् प्रदेश कार्यालयका गतिविधिहरूका साथै बीमा सम्बन्धी कार्यक्रमहरू समेटेर द्वैमासिक रूपमा 'बीमा समाचार' नामक बुलेटिन प्रकाशन गरिएको छ।

### (ख) वार्षिकोत्सव विशेषाङ्क

नेपाल बीमा प्राधिकरणको वार्षिकोत्सवका अवसरमा बीमा लगायत अर्थतन्त्र सम्बन्धी समग्र विषयहरू समेटिएको 'बीमा समाचार र विचार ५७औं वार्षिकोत्सव विशेषाङ्क' नामक विशेषाङ्क प्रकाशन गरिएको छ। यस प्रकाशनमा प्राधिकरणका कर्मचारी तथा अन्य व्यक्तिहरूको बीमा तथा आर्थिक विषयसँग सम्बन्धित लेख रचना समेत समावेश गरिएको छ।

### (ग) बीमा प्रतिबिम्ब

नेपाल बीमा प्राधिकरणले बीमा क्षेत्रका मुख्य मुख्य तथ्याङ्कहरूको विश्लेषण सहितको मासिक तथ्याङ्क संस्करण 'बीमा प्रतिबिम्ब' प्रकाशन गर्न सुरू गरेको छ।

बीमा कम्पनीहरूको वित्तीय अवस्था, बीमा पहुँच, बीमा दाबी, दाबी फछ्यौंट, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायत बीमा क्षेत्रका प्रमुख सूचकहरूको अध्ययन गरी विश्लेषणात्मक तथ्याङ्क संस्करण यही २०८२ साल जेठ १० गतेदेखि मासिकरूपमा प्रकाशन गर्न सुरू गरिएको हो ।

### (घ) बीमा सम्बन्धी निर्णय सङ्ग्रह

नेपाल बीमा प्राधिकरणमा दायर भएका विभिन्न किसिमका बीमा सम्बन्धी उजुरीहरू माथि सुनुवाई गरी प्राधिकरणले जारी गरेका आदेश तथा निर्णयहरूको बारेमा सम्बद्ध सबैलाई जानकारी गराउने उद्देश्यले प्राधिकरणले निर्णय सङ्ग्रहहरू प्रकाशन गरेको छ।

## ६. अन्तर्राष्ट्रिय सम्बन्ध र गतिविधि

### (क) AFIR को वार्षिक बैठक तथा अन्तर्राष्ट्रिय सम्मेलन

नेपाल बीमा प्राधिकरणले २०८१ साल माघ ९ गते एसियाली देशहरूका बीमा क्षेत्रका नियामक निकायहरूको संस्था (Asian Forum of Insurance Regulator) को १९औं वार्षिक बैठक तथा सम्मेलन, २०२४ र बीमा नियमन सम्बन्धी एसिया प्रशान्त क्षेत्रको सातौं उच्चस्तरीय बैठक, २०२४ (7th Asia-Pacific High Level Meeting on Insurance Supervision २०२४) आयोजना गरी भव्यताका साथ सम्पन्न गरेको छ।

उक्त सम्मेलन नेपाल बीमा प्राधिकरण, International Association of Insurance Supervisors (IAIS), AFIR / Financial Stability Institute (FSI) of the Bank for International Settlements (BIS) को संयुक्त

आयोजनामा आयोजना गरिएको हो। बीमा नियमन सम्बन्धी एसिया प्रशान्त क्षेत्रको सातौं उच्चस्तरीय बैठक माघ ७ र ८ गते तथा AFIR वार्षिक बैठक तथा सम्मेलन माघ ८ र ९ गते भएको थियो।

बैठक तथा सम्मेलनमा जलवायु परिवर्तन, प्राकृतिक विपद् र प्रविधिमा भएको विकासका कारण उत्पन्न हुने जोखिमहरूलाई सम्बोधन गर्न जोखिममा आधारित पूँजी, मूल्य तथा नियमन पद्धतीको विकास र नियामक निकायहरूको भूमिकाका सम्बन्धमा छलफल भएको थियो। त्यसैगरी, एसियाप्रशान्त क्षेत्रका नेपाल, युनाइटेड अरब इमिरेट्स, भारत, चीन लगायतका देशहरूमा केही समय अघि प्राकृतिक विपद् तथा जलवायु परिवर्तनका कारण भएका क्षतिलाई सम्बोधन गर्न बीमाको भूमिका तथा बीमा मार्फत भौगोलिक विकटता तथा आर्थिकरूपले पछि परेका वर्गहरूमा बीमाको पहुँच विस्तारका साथै Parametric Insurance र अन्य जोखिम व्यवस्थापनका लागि विभिन्न मुलुकहरूले अवलम्वन गरेका विधिहरूका बारेमा समेत छलफल भएको थियो।

यसैगरी, विश्वभर तीव्र गतिमा हुँदै आएको आर्टिफिसियल इन्टेलिजेन्स (AI) को प्रयोग र अन्य प्राविधिक विकासका कारण सिर्जित जोखिमहरूलाई सचेततापूर्वक सन्तुलितरूपमा सम्बोधन गर्न नियामकीय निकायहरूको भूमिका, प्राकृतिक विपद्को जोखिमको वित्तीय रक्षावरणमा एसियाप्रशान्त क्षेत्रमा एकीकृत पद्धतिको विकास, समावेशी बीमा मार्फत जलवायु परिवर्तनका जोखिमलाई अवसरमा बदल्ने सम्भावना लगायतका विषयमा छलफल भएको थियो। कार्यक्रममा जलवायु परिवर्तन तथा प्राकृतिक विपद्का कारण सिर्जना हुने जोखिमहरूलाई आगामी दिनमा कसरी सम्बोधन गर्दै अघि बढ्ने भन्ने सम्बन्धमा एसियाप्रशान्त क्षेत्रका देशहरू लगायत एसियाली विकास बैंक (ADB) ले कार्यान्वयन गर्दै आएका नवीनतम विधि तथा कार्यक्रमहरूका बारेमा जानकारी दिइएको थियो।

### (ख) प्राधिकरण र चीनको सिचुवान हेल्थ सेक्युरिटी एड्मिनिस्ट्रेसनबीच स्वास्थ्य बीमा सम्बन्धी छलफल

नेपाल बीमा प्राधिकरण र चीनको सिचुवान प्रान्त अन्तर्गतको सिचुवान हेल्थ सेक्युरिटी एड्मिनिस्ट्रेशनबीच सिचुवान प्रान्तको छेङ्दुमा यही २०८२ साल बैशाख ८ गते स्वास्थ्य बीमा सम्बन्धी उच्चस्तरीय छलफल भएको छ। उक्त छलफलमा स्वास्थ्य बीमाको दिगोपन सुनिश्चित गर्ने उपाय, भुक्तानी प्रणालीमा सुधार, बीमाले प्रदान गर्ने रक्षावरण, निजीक्षेत्रद्वारा सञ्चालित स्वास्थ्य बीमा योजनाका साथै, नागरिकहरूलाई सहज र सुलभ सेवा प्रदान गर्ने विधि, स्वास्थ्य सुरक्षामा सार्वजनिक र निजीक्षेत्रको सहकार्य लगायतका विषयमा छलफल भएको थियो। उक्त कार्यक्रममा बीमा सेवा प्राप्तिमा पारदर्शिता, बीमाप्रतिको विश्वास अभिवृद्धि र डिजिटल प्रविधिको प्रयोग मार्फत स्वास्थ्य बीमाको प्रभावकारिता अभिवृद्धि लगायतका विषयमा समेत विस्तृत छलफल भएको थियो।

### (ग) नेपाल बीमा प्राधिकरण र भुटानको रोयल मनिटरी अथोरिटीबीच छलफल

नेपाल बीमा प्राधिकरण र भुटानको रोयल मनिटरी अथोरिटीबीच बीमा सम्बन्धी द्विपक्षीय सहयोग र आपसी ज्ञान एवम् अनुभव आदानप्रदान सम्बन्धमा प्राधिकणको केन्द्रिय कार्यालयमा मिति २०८१ साल चैत ७ गते छलफल कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रममा प्राधिकरणका अध्यक्षसहित पदाधिकारीहरू र भुटानका डेपुटी गभर्नर छोदेन नेतृत्वको प्रतिनिधिमण्डलबीच छलफल भएको थियो। नेपाल र भुटानको बीमा क्षेत्रको विद्यमान अवस्था, नेपालले अभ्यास गर्दै आएको जोखिममा आधारित पूँजी (RBC) तथा जोखिममा आधारित सुपरीवेक्षण (RBS), पुनर्बीमा सम्बन्धी नेपालको अनुभव र द्विपक्षीय सम्बन्ध सुदृढीकरण लगायतका विषयमा छलफल भएको थियो।

### (घ) समावेशी बीमा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेललन (ICII २०२४)

नेपाल बीमा प्राधिकरण, नेपाल बीमक संघ, जीवन बीमक संघ, नेपाल र नेपाल माइक्रोइन्स्योरेन्स एसोसिएसनद्वारा म्युनिख री फाउण्डेशन तथा माइक्रोइन्स्योरेन्स नेटवर्कसँगको सहकार्यमा काठमाडौंमा मिति २०८१ साल कार्तिक ५ गतेदेखि ९ गतेसम्म समावेशी बीमा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (International Conference on Inclusive Insurance-ICII २०२४) को २०औं श्रृखंला सम्पन्न भएको थियो। समावेशी बीमा विषयमा विश्वमै सबैभन्दा महत्त्वपुर्ण मानिने उक्त सम्मेलनमा नेपाल लगायत विभिन्न ४३ देशका बीमा नियामक निकाय, विभिन्न सरकारी निकाय, विकास साझेदार, गैरसरकारी संस्था र बीमा क्षेत्रका विज्ञहरू गरी करिव ५०० जनाको सहभागिता रहेको थियो। उक्त सम्मेलनमा न्युन आय भएका तथा जोखिममा रहेका परिवारहरू तथा लघु, साना र मझौला उद्योगलाई केन्द्रित गरी समावेशी बीमालाई परिष्कृत गर्ने लगायत जलवायु जोखिम बीमा, प्रकोप जोखिम वित्त व्यवस्थापन सम्बन्धी छलफल भएको थियो। यसका साथै, बीमा क्षेत्रका चुनौती तथा अवसर, लघुबीमाको महत्त्व र बीमाको पहुँच विस्तारमा डिजिटल प्रविधिको विकास तथा प्रयोग लगायतका विषयहरूमा समेत सम्मेलनमा विस्तृत छलफल भएको थियो।

### (ङ) विकासका साझेदार तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरणको आयोजनामा मिति २०८२ वैशाख १९ गते प्राधिकरणको केन्द्रिय कार्यालयमा नेपालका विकासका साझेदार संस्था तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। बीमा क्षेत्रको समग्र विकास एवम् विस्तारका लागि प्राधिकरणले गर्दै आएका कार्य र विकासका साझेदार तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्यका बारेमा जानकारी दिने र आगामी दिनमा साझेदारी तथा सहकार्यका लागि सम्भावित क्षेत्र पहिचान, जनशक्ति विकास, दुर्गम एवम् ग्रामीण क्षेत्रमा बीमाको दायरामा विस्तार र बीमा उद्योगमा डिजिटलाइजेशन कार्यान्वयन लगायतका साझेदारी र सहकार्यलाई समन्वयात्मक रूपमा अझ बढी प्रभावकारी रूपले अगाडि बढाउने जस्ता विषयमा छलफल भएको थियो। कार्यक्रममा सहभागीहरूले बीमा क्षेत्रमा डिजिटलाइजेशन कार्यान्वयन, बीमा सम्बन्धी ज्ञान र अनुभव आदानप्रदान गर्नका लागि संस्थागत व्यवस्था, जलवायु परिवर्तन, प्राकृतिक विपत्ति तथा वन्यजन्तुबाट हुने हानी नोक्सानीको वित्तीय रक्षावरण हुने गरी बीमालेखहरूको विकास, भौगोलिक अवस्था र न्युन आय भएका वर्गलाई ध्यानमा राखी बीमालेख र लघुबीमालेखहरू निर्माण, बीमा सम्बन्धी एकीकृत तथ्याङ्क प्राप्त हुने व्यवस्था र बीमा सम्बन्धी ज्ञान एवम् अनुभव आदानप्रदान गर्न छुट्टै प्लेटफर्म स्थापना लगायतका कार्य गरेर नेपालको बीमा क्षेत्रमा थप विकास गर्न सकिने धारणा राख्नुभएको थियो। कार्यक्रममा विश्व बैंक, एसियाली विकास बैंक, संयुक्त राष्ट्र विकास कार्यक्रम, जीआईजेड, डब्लुडब्लुएफ नेपाल, आईयुसिएन, स्टोन स्टेप र प्राक्टिकल एक्सन लगायतका विकासका साझेदार तथा अन्तर्राष्ट्रिय संस्थाका नेपालस्थित कार्यालयका प्रतिनिधिहरू, नेपाल जीवन बीमक संघ, नेपाल बीमक संघ र नेपाल लघुबीमक संघका अध्यक्षहरू र पुनर्बीमा कम्पनीका पदाधिकारी तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

### (च) Global Money Week, २०२५

बालबालिका र युवामा वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यका साथ Organization of Economic Cooperation and Development (OECD) को संयोजनमा हरेक वर्ष मार्च १७ देखि २३ सम्म मनाउने गरिएको Global

Money Week को १३ औं श्रृङ्खलामा 'Think before follow, wise money tomorrow' भन्ने नाराका साथ ग्लोबल मनी विक, २०२५ (Global Money Week, २०२५) विविध कार्यक्रम गरी नेपालमा पनि मनाइएको थियो।

### (छ) Access to Insurance Initiative (A2ii) सँग सहकार्य

Access to Insurance Initiative (A2ii) ले आयोजना गर्दै आएको Inclusive Insurance Innovation Lab को चौथो संस्करणमा नेपाल छनौट भई एक वर्षको अवधीमा समावेशी बीमा सम्बन्धी विभिन्न क्षमता अभिवृद्धि गर्ने कार्यक्रम तथा तालिममा सहभागी हुने अवसर प्राप्त भएको थियो। यसका साथै, A2ii ले प्राधिकरणका कर्मचारीहरूलाई समयसमयमा विभिन्न भर्चुअल तालिमहरू समेत प्रदान गरेको र लर्निङ प्ल्याटफर्ममा सदस्यता समेत दिई कर्मचारीहरूको क्षमता अभिवृद्धिमा सहयोग प्रदान गरेको थियो।

समावेशी बीमा लाई थप विकास गर्नुका साथै नियामक निकायहरूको आवश्यकता पहिचान गरी क्षमता अभिवृद्धि गर्ने उद्देश्यले A2ii ले विश्वभरका बीमा नियामक निकाय तथा समावेशी बीमाका विज्ञहरूलाई जोड्ने गरी नयाँ परियोजनाको सुरुवात गरेको छ। Cape Town Declaration नामक उक्त परियोजनामा नेपाल बीमा प्राधिकरण समेत सहभागी भएको छ र आगामी दिनमा यस परियोजनाले प्राधिकरणको क्षमता विकास तथा अन्तर्राष्ट्रिय सम्बन्ध थप विस्तार गर्ने विश्वास लिईएको छ।

## खण्ड ख

# महाशाखा तथा शाखागतरूपमा सम्पादित प्रमुख कार्यहरू

हाल प्राधिकरणको संगठनात्मक संरचनामा कानून, व्यवस्थापन, अनुसन्धान, बीमालेख, नियमन र सुपरिवेक्षण गरी ६ वटा महाशाखाहरू रहेका छन्। आ.व. २०८१/८२ मा स्वीकृत वार्षिक कार्यक्रम, कार्य जिम्मेवारी, प्राप्त निर्देशन तथा आफ्नै पहलमा महाशाखा तथा शाखागतरूपमा सम्पादित प्रमुख कार्यहरूको विवरण देहाय बमोजिम रहेको छ।

## १. कानून महाशाखा

कानून महाशाखा अन्तर्गत कानून, उजुरी र मध्यस्थकर्ता शाखा गरी जम्मा तीन (३) वटा शाखाहरू रहेका छन। यस महाशाखाबाट आ.व. २०८१/८२ मा सम्पादित प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन्।

### (क) कानून शाखा

- ➢ बीमा नियमावली, २०८१ मा आवश्यक संशोधन सम्बन्धी मस्यौदा तयार,
- ➢ बीमा सर्भेयर तथा अभिकर्ता सम्बन्धी कार्यविधि / मार्गदर्शन मस्यौदा तयार,
- ➢ विभिन्न शाखा तथा महाशाखाहरूलाई कानूनी राय प्रदान,
- ➢ विभिन्न मुद्दाहरूमा प्राधिकरणको तर्फबाट काठमाडौं उपत्यका तथा उपत्यका बाहिर बहस पैरवी,
- ➢ विभिन्न मुद्दाहरूमा प्राधिकरणको तर्फबाट काठमाडौं उपत्यका तथा उपत्यका बाहिर लिखित जवाफ तयार गरी पेश,
- ➢ विभिन्न बीमा कम्पनीहरूको कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन तथा खरिद विनियमावली तथा कार्यविधिहरू प्रधिकरणको तर्फबाट स्वीकृती र संसोधन स्वीकृती प्रदान,
- ➢ प्रधिकरण विपक्षी भएको विभिन्न अदालतमा परेको मुद्दाको व्यवस्थापन र प्रगति प्रतिवेदनको अभिलेखीकरण,
- ➢ विभिन्न बीमा कम्पनीहरूको प्रबन्धपत्र तथा नियमावलीहरू प्राधिकरणको तर्फबाट स्वीकृती र संसोधन स्वीकृती,
- ➢ हकप्रद शेयर स्वीकृती सम्बन्धी कार्य,
- ➢ प्राथमिक शेयर निस्कासन सम्बन्धी कार्य,
- ➢ विभिन्न बीमक कम्पनीहरूको पूँजी वृद्धि सम्बन्धी कार्यहरूको स्वीकृती,
- ➢ बीमा कम्पनीहरूको अद्यावधिक विवरण तयार।

### (ख) उजुरी शाखा

प्राधिकरणको अर्धन्यायिक कार्य अन्तर्गत हुने बीमा दाबी सम्बन्धी उजुरीको फैसला तथा मध्यस्थता एक प्रमुख जिम्मेवारी हो। बीमितले बीमकविरुद्ध प्राधिकरणमा दर्ता गरेका मुद्दाहरूको प्राथमिकताकासाथ प्राधिकरणले फछ्यौंट गर्दै आएको छ।

आ.व. २०८१/८२ मा अघिल्लो आर्थिक वर्षको अन्त्यसम्ममा विचाराधिन अवस्थामा रहेका २८७ वटा उजुरी / मुद्दा तथा यस आ.व. मा केन्द्रिय कार्यालयमा दर्ता भएका १४४ वटा र प्रदेश कार्यालयमा दर्ता भएका ९१ वटा नयाँ उजुरी / मुद्दाका साथै, पुनरावेदनबाट प्राप्त ३ वटा मुद्दा गरी जम्मा ५२५ वटा उजुरी / मुद्दा

फछ्यौंटको प्रक्रिया रहेका थिए। त्यसमध्ये, ८५ वटा उजुरी / मुद्दा उपर फैसला भएको एवम् ४६ वटा उजुरी / मुद्दा सहमतीको माध्यमबाट फछ्यौंट भएको र आ.व. २०८१/८२ को अन्त्यमा विचाराधिन मुद्दा संख्या ३९४ वटा रहन पुगेको थियो।

मुद्दाको क्रमसंख्यानुसार प्रक्रियामा रहने, थप कागजात माग गर्दा समयमा कागजात प्राप्त नहुने, प्राधिकरणको निवेदकसँग सम्पर्क हुन नसक्ने लगायतका कारणले गर्दा मुद्दाहरू विचाराधिन अवस्थामा रहने गर्दछ। प्राधिकरणमा प्राप्त उजुरी तथा फछ्यौंटको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १८

**बीमा दाबी सम्बन्धी मुद्दा / उजुरी सम्बन्धी विवरण**

| विवरण | | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| गत वर्षको निवेदन बाँकी संख्या | | १८६ | १९२ | २८७ |
| यस वर्षको निवेदन संख्या | केन्द्रिय कार्यालयमा | १५५ | १५९ | १४४ |
| | प्रदेश कार्यालयमा | - | ८५ | ९१ |
| | कुल दर्ता | १५५ | २४४ | २३५ |
| पुनरावेदनबाट आएका मुद्दाको संख्या | | ० | १ | ३ |
| जम्मा निवेदन | | ३४१ | ४३७ | ५२५ |
| फैसला/सहमती भएका मुद्दा संख्या | फैसला | १४९ | १०१ | ८५ |
| | सहमती | | ४९ | ४६ |
| | जम्मा फछ्यौंट | १४९ | १५० | १३१ |
| बाँकी संख्या | | १९२ | २८७ | ३९४ |

**(ग) मध्यस्थकर्ता शाखा**

प्राधिकरणको मध्यस्थकर्ता शाखाले प्रमुख रूपमा बीमा अभिकर्ता र बीमा सर्भेयर सम्बन्धी कार्य गर्दछ। बीमा अभिकर्ता र बीमा सर्भेयर बीमा क्षेत्रका महत्त्वपूर्ण हिस्सेदार हुन र हरेक वर्ष नयाँ नयाँ बीमा अभिकर्ता र बीमा सर्भेयरले ईजाजतपत्र लिने गर्दछन्। त्यसैगरी, ईजाजतपत्र लिईसकेका अभिकर्ता तथा सर्भेयरको नियमानुसार ईजाजतपत्र नविकरण तथा खारेजीको कार्य समेत यस शाखाले गर्दछ।

**अ.बीमा अभिकर्ता सम्बन्धी विवरण :**

आर्थिक वर्ष २०८१/८२ मा जीवन बीमातर्फ ८२ हजार ४ सय ८१ वटा नयाँ इजाजतपत्र प्रदान गरिएको छ। आ.व. २०८१/८२ को अन्त्यसम्ममा सक्रिय बीमा अभिकर्ताको संख्या ४ लाख ४ हजार ५ सय ६४ रहेको छ जसमध्ये पुरुष अभिकर्ता १ लाख ९७ हजार ३ सय ३१ र महिला अभिकर्ता २ लाख ७ हजार २ सय ३३ रहेका छन्। त्यसैगरी, आ.व. २०८१/८२ मा निर्जीवन बीमा तर्फ ९०३ जना, लघु जीवन तर्फ २,२४८ जना र लघु निर्जीवनतर्फ १०८ जनालाई नयाँ इजाजतपत्र प्रदान गरिएको छ भने १,३७५ जना बीमा अभिकर्ताको इजाजत पत्र खारेज गरिएको छ। यस शाखाबाट प्रदान गरिएका नयाँ ईजाजतपत्र तथा खारेजीको विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं. १९

**बीमा अभिकर्ता सम्बन्धी विवरण**

| क्र.सं. | विवरण (आ.व. २०८१/८२ मा) | संख्या |
|---|---|---|
| १. | थप नयाँ जीवन बीमा अभिकर्ता | ८२,४८१ |
| २. | आ.व. २०८१/८२ अन्त्यसम्ममा जम्मा सक्रिय बीमा अभिकर्ता | ४,०४,५६४ |
| ३. | आ.व. २०८१/८२ अन्त्यसम्ममा जम्मा सक्रिय पुरुष बीमा अभिकर्ता | १,९७,३३१ |
| ४. | आ.व. २०८१/८२ अन्त्यसम्ममा जम्मा सक्रिय महिला बीमा अभिकर्ता | २,०७,२३३ |
| ५. | थप नयाँ निर्जीवन बीमा अभिकर्ता | ९०३ |
| ६. | थप नयाँ लघु जीवन बीमा अभिकर्ता | २२४८ |
| ७. | थप नयाँ लघु निर्जीवन बीमा अभिकर्ता | १०८ |
| ८. | जम्मा बीमा अभिकर्ताको इजाजत पत्र खारेज | १३७५ |

**आ. बीमा सर्भेयरः**

यस आर्थिक वर्ष २०८१/८२ मा जम्मा ८ जनालाई बीमा सर्भेयरको इजाजत पत्र प्रदान गरिएको छ र आ.व.को अन्त्य सम्म जम्मा १,२०७ जना ईजाजतप्राप्त व्यक्तिगत बीमा सर्भेयर रहेका छन्। त्यसैगरी, संस्थागत बीमा सर्भेयरतर्फ यस आ.वमा थप २५ वटा ईजाजतपत्र प्रदान गरिएको थियो; जसपश्चात संस्थागत बीमा सर्भेयरको संख्या १०४ रहन पुगेको छ।

तालिका नं. २०

**बीमा सर्भेयर सम्बन्धी विवरण**

| क्र.सं. | आ.व. २०८१/८२ मा नयाँ थप | जम्मा |
|---|---|---|
| व्यक्तिगत बीमा सर्भेयर | ८ जना | १२०७ जना |
| संस्थागत बीमा सर्भेयर | २५ वटा | १०४ वटा |

## २. व्यवस्थापन महाशाखा

व्यवस्थापन महाशाखा अन्तर्गत शाखाहरू मानव संशाधन, आर्थिक प्रशासन र सामान्य प्रशासन शाखाहरू गरी तीन (३) वटा शाखा रहेका छन्। यस महाशाखाले कर्मचारी तथा कार्यालय व्यवस्थापन सम्बन्धी कार्य गर्दछ। यस महाशाखाबाट आ.व. २०८१/८२ मा सम्पादित प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन्।

- हाल प्राधिकरणमा अध्यक्ष, स्थायी सेवा अन्तर्गत प्रशासनतर्फ १०९ जना, कानूनतर्फ ८ जना र प्राविधिकतर्फ ४ जना गरी कुल १२० जना कर्मचारीहरू कार्यरत रहेका छन्। श्रेणीगत रूपमा हेर्दा कार्यकारी निर्देशक १ जना, निर्देशक ६ जना, उपनिर्देशक २६ जना, सहायक निर्देशक ५५ जना, सहायक प्रथम २४ जना, चालक १ जना र कार्यालय सहयोगी एवम् स्वीपरतर्फ ६ जना कर्मचारी रहेका छन्। त्यसैगरी, विभिन्न समूह अन्तर्गत ४९ जना कर्मचारी करारमा कार्यरत रहेका छन्। प्राधिकरणमा हाल कायम रहेको कर्मचारीको संख्या तथा विवरण देहाय बमोजिम रहेको छ र कर्मचारीहरूको नामावली अनुसूची ३५ मा राखिएको छ।

तालिका नं. २१

**प्राधिकरणको कर्मचारी संख्या एवम् दरबन्दी सम्बन्धी विवरण**

| क्र.सं. | पद | जम्मा संख्या |
|---|---|---|
| १. | अध्यक्ष | १ |
| २. | कार्यकारी निर्देशक | १ |
| ३. | निर्देशक | ६ |
| ४. | उप निर्देशक | २६ |
| ५. | सहायक निर्देशक | ५५ |
| ६. | सहायक प्रथम | २४ |
| ६. | चालक | १ |
| ७. | कार्यालय सहयोगी र स्वीपर | ६ |
| जम्मा स्थायी कर्मचारी संख्या | | १२० |
| विभिन्न समूह अन्तर्गत करारमा कार्यरत कर्मचारी संख्या | | ४९ |
| | **जम्मा कर्मचारी संख्या** | १६९ |

## ३. अनुसन्धान महाशाखाः

अनुसन्धान महाशाखा अन्तर्गत अनुसन्धान तथा तथ्याङ्क शाखा, सूचना प्रविधि शाखा र जोखिम व्यवस्थापन शाखाहरू गरी तीन (३) वटा शाखाहरू रहेका छन्। यस महाशाखाबाट आ.व. २०८१/८२ मा सम्पादित प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन्।

### (क) अनुसन्धान तथा तथ्याङ्क शाखा

आ.व. २०८१/८२ मा यस शाखाबाट सम्पादित मूख्य कामहरू देहाय बमोजिम रहेको छः

- Training Need Assessment सम्बन्धी अध्ययन कार्य।
- प्राधिकरणको वार्षिक प्रतिवेदन २०८०/८१ प्रकाशन।
- बीमा सूचना केन्द्र स्थापना सम्बन्धी कार्यविधीको मस्यौदा निर्माण।
- प्राधिकरणको आ.व. २०८२/८३ को वार्षिक बीमा नीति तथा कार्यक्रमको मस्यौदा तयार।
- प्राधिकरणको ५७ औं वार्षिकोत्सव विशेष ‘बीमा समाचार र विचार विशेषांक’ तयार गरी प्रकाशन।
- प्राधिकरणको ५७ औं वार्षिकोत्सव विशेष गोरखापत्रमा ‘बीमा विशेष’ तयार गरी प्रकाशन।
- प्राधिकरणको मासिक प्रकाशन ‘बीमा प्रतिबिम्ब’ प्रकाशनको थालनी र निरन्तरता।
- प्राधिकरणको द्वैमासिक प्रकाशन ‘बीमा बुलेटिन’ नियमित प्रकाशन।
- बीमकको सूचना प्रविधि तथा तथ्याङ्क सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- लैगिंक तथ्याङ्क संकलनका लागि ‘फेमा मिटर सम्बन्धी ढाँचा तयार गर्ने’ विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- हाइड्रो पावर बीमाको विगत ५ वर्षको तथ्याङ्क संकलन एवम् अध्ययन।

### (ख) जोखिम व्यवस्थापन शाखा

प्राधिकरणले आ.व. २०८१/८२ मा प्राप्त बीमकको आ.व. २०८०/८१ को बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन कुल ३० वटा स्वीकृत गरेको छ जस अन्तर्गत, १३ वटा जीवन बीमक, १३ वटा निर्जीवन बीमक, ३ वटा लघु जीवन बीमक र १ वटा पुनर्बीमकको बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरिएको छ। त्यसैगरी,आ.व. २०८१/८२ मा बीमाङ्कीय मूल्याङ्कनलाई थप प्रभावकारी बनाउनका साथै, जोखिम व्यवस्थापन तथा जोखिममा आधारित पूँजी सम्बन्धी क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न कार्यक्रमहरू आयोजना गरिएको छ, जस अन्तर्गतः Risk Based Capital को प्रभाव मूल्याङ्कन, जलवायु परिवर्तन र ORSA, प्राधिकरणका परामर्शदाता बीमाङ्क तथा बीमकहरूबीच समसामयिक विषयमा छलफल कार्यक्रम र Risk-Free Rate Terms Structures Nepal Methodology Amendment २०८२ सँग सम्बन्धित छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ।

### (ग) सूचना प्रविधि शाखा

आ.व. २०८१/८२ मा यस शाखाबाट सम्पादित मुख्य मुख्य कामहरू देहाय बमोजिम रहेको छः

- १४ जीवन बीमा कम्पनीहरू, १४ निर्जीवन कम्पनीहरू तथा ७ लघु बीमा कम्पनीहरू गरी जम्मा ३५ वटा बीमा कम्पनीहरूको लाईभ डाटा लिनको लागि API Integration गरिएको,
- पुनर्बीमा दलालहरू प्राधिकरणमा सूचिकृत गर्नुपर्ने व्यवस्था बमोजिम सो कार्य अनलाईन मार्फत गर्नको लागि Online Listing System तयार गरिएको,
- मध्यस्थकर्ताहरूलाई ईजाजतपत्र प्रदान गर्ने प्रयोजनका लागि अनलाईन मार्फत परीक्षा लिई सो परीक्षालाई Zoom बाट निरीक्षण गर्ने र उत्तीर्ण भएकाहरूलाई अनलाईन मार्फत नै ईजाजतपत्र दिन मिल्ने प्रणाली तयार गरिएको,
- प्राधिकरणमा आवश्यक भेन्डरहरूको अनलाईन सूचि दर्ता गर्ने प्रणाली तयार,
- कर्मचारीहरूको मासिक कार्य सम्पादन मूल्याङ्कन गर्नको लागि Performance System तयार,
- प्राधिकरणमा दर्ता चलानीलाई डिजिटलाइज गर्ने प्रणाली तयार,
- प्राधिकरणको लागि आफ्नो IT SOP(Standard Operating Procedure) को मस्यौदा तयार,
- IRMIS मा लघुबीमा शाखा को लागि मोड्युल तयार,
- IRMIS मा जोखिममा आधारित सुपरिवेक्षणको मोड्युल तयार,
- IRMIS मा उजुरी सम्बन्धी मोड्युल तयार,
- प्रदेशबाट अनलाईन अभिकर्ता परीक्षा संचालन गर्न सकिने गरी प्रणाली तयार गरी तालिम संचालन,
- कृषिको सफ्टवेयर तयार,
- कम्पनीहरूको IT Audit र VAPT Reporting मोड्युल तयार तथा प्रयोग।

## ४. बीमालेख महाशाखा

बीमालेख महाशाखा अन्तर्गत कृषि तथा पशुपन्छी शाखा, बीमालेख शाखा र लघुबीमा शाखा गरी तीन (३) वटा शाखाहरू रहेका छन। यस महाशाखाबाट आ.व. २०८१/८२ मा सम्पादित प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन्।

### (क) कृषि तथा पशुपन्छी बीमा शाखा

आ.व. २०८१/८२ मा यस शाखाबाट सम्पादित मुख्य मुख्य कामहरू देहाय बमोजिम रहेको छः

#### अ. नयाँ बीमालेख जारी तथा संशोधन

- अदुवा खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नका लागि उत्पादनमा आधारित 'अदुवा खेती बीमालेख' २०८१ साल पुस ४ गते स्वीकृत,
- अलैंची खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नका लागि 'अलैंची खेती बीमालेख' २०८१ साल पुस ४ गते स्वीकृत,
- बेसार खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नका लागि 'बेसार खेती बीमालेख' २०८१ साल पुस ४ गते स्वीकृत,
- बङ्गुर पालनमा हुने क्षति विरूद्ध बीमा गर्नका लागि 'बङ्गुर बीमालेख' २०८१ साल पुस ४ गते स्वीकृत,
- कफि खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नका लागि 'कफि खेती बीमालेख' २०८१ साल पुस ४ गते स्वीकृत,
- मौरी बीमामा हुने क्षति विरूद्ध बीमा गर्नका लागि 'मौरी बीमालेख' २०८१ साल पुस ४ गते स्वीकृत,
- उखु खेती बीमामा हुने क्षति विरूद्ध बीमा गर्नका लागि २०८१ साल पुस ४ गते 'उखु खेती बीमालेख' स्वीकृत,
- तरकारी खेती बीमामा हुने क्षति विरूद्ध बीमा गर्नका लागि २०८१ साल पुस ४ गते 'तरकारी खेती बीमालेख' स्वीकृत।

#### आ. कृषि तथा पशुपन्छी बीमा रियल टाइम सफ्टवेयर संचालन

नेपाल बीमा प्राधिकरणले कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आर्थिक सहयोगमा 'कृषि तथा पशुपन्छी बीमा रियल टाइम सफ्टवेयर' निर्माण गरी मिति २०८१।०८।१६ देखि सञ्चालनमा ल्याएको छ। परिक्षणको रूपमा सुरुवातमा पशुधन र तरकारी बीमालेखलाई सफ्टवेयर मार्फत जारी गरिएको र सोको प्रभावकारिता पश्चात हाल Agriculture and Livestock Insurance System (ALIS) सफ्टवयेर प्रणाली मार्फत सम्पूर्ण बीमालेखहरू जारी गर्ने गरी पूर्णरूपमा संचालनमा ल्याईएको छ। कृषि बीमा कार्यक्रमलाई थप व्यवस्थित र पारदर्शी बनाउँदै दुर्गम क्षेत्रका कृषक र न्यून आय भएका कृषक वर्गसम्म कृषि बीमाको पहुँच पुऱ्याउने उद्देश्यले नयाँ सफ्टवेयर संचालनमा ल्याइएको हो।

#### इ. कृषि तथा पशुपन्छी बीमाको अनुदान सम्बन्धी कार्य

नेपाल सरकारबाट कृषि, पशुपन्छी तथा जडिबुटी बीमामा उपलब्ध गराउँदै आईरहेको अनुदान कार्यक्रम आ.व. ०८१।०८२ मा पनि निरन्तर नै थियो। आ.व. ०८१।०८२ मा सम्बन्धित बीमकहरूलाई अनुदान बापत कुल रू.१ अर्ब ६० करोड १६ लाख ७७ हजार ९४५.१५ भुक्तानी गरिएको छ भने आ.व. २०८१/८२ को कार्तिक देखि बैशाख महिनासम्मको तथ्याङ्क रुजू गरी नेपाल सरकार कृषि विभाग तथा पशु सेवा विभागबाट अनुदान माग गरी प्रक्रियामा रहेको छ । आ.व. ०८१।०८२ मा प्रदान गरिएको अनुदान रकम सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

तालिका नं. २२

बीमा अनुदान सम्बन्धी विवरण

| क्र.सं. | क्षेत्र | अनुदान रकम रू. | अवधी |
|---|---|---|---|
| १. | बाली बीमा | १७,०७,८९,१८९ | मिति २०७९ चैत्र महिनाको बाँकी र मिति २०८० बैशाख देखि २०८१ असोज सम्मको अनुदान रकम |
| २. | पशुधन बीमा | १,०९,८९,९८,४३६.८४ | मिति २०८१ असोजको बाँकी रकम र २०८० कार्तिक देखि २०८१ असोज सम्मको अनुदान रकम |
| ३. | माछा बीमा | ३३,१८,९०,३१९.०६ | मिति २०७७ फागुन देखि २०८१ असोज सम्मको अनुदान रकम |

### (ख) बीमालेख शाखा

आ.व. २०८१/८२ मा यस शाखाबाट सम्पादित मुख्य मुख्य कामहरू देहाय बमोजिम रहेको छः

- २० जीवन बीमालेख, ९ निर्जीवन बीमालेख तथा १३ बीमाङ्कीय नियुक्तिको लागि स्वीकृती प्रदान,
- जीवन बीमा सम्बन्धी नवीनतम बीमालेख तयार गर्न Annuity Product Guidelines सम्बन्धी मस्यौदा तयार,
- निर्जीवन बीमालेख सम्बन्धी निर्देशिका तयार गर्न अध्ययन अनुसन्धान र राय सुझाव संकलन,
- सामुद्रिक बीमा सम्बन्धी निर्देशिकाको मस्यौदा तयार,
- मौद्रिक क्षति बीमा सम्बन्धी निर्देशिका जारी,
- Risk Inform Pricing सम्बन्धी बीमक तथा सरोकारवालाहरूसंग छलफल तथा अन्तरक्रिया अन्तर्गत Risk Base Pricing Model सम्बन्धी दुई चरणमा अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- UNDP सँगको सहकार्यमा “Guideline Related to Actuary Appointment for Insurers” सम्बन्धमा सम्पूर्ण बीमकहरूसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन,
- UNDP-Milliman GAIN Project अन्तर्गत Actuarial Capacity Development सम्बन्धी तालिम सञ्चालन,
- Actuarial Society of Nepal (ASN) सँगको सहकार्यमा "Orientation on Basics of Actuarial Examination" सम्बन्धी तालिम सञ्चालन,
- ASN संगको सहकार्यमा “Actuarial Discourse २०२५: Building Actuarial Expertise in Nepalese Insurance Sector” सम्बन्धी कार्यक्रम सम्पन्न,
- वैदेशिक रोजगार म्यादी जीवन बीमा सामूहिक बीमा कोष (पुल) स्थापना तथा संचालन सम्बन्धी निर्देशन, २०८१ स्वीकृत भई लागू,
- World Bank संगको सहकार्यमा Risk Based Pricing अन्तर्गत Nepal Flood Model तयार,
- नेपालको स्वास्थ्य बीमाका विद्यमान अवस्था, समस्या तथा चुनौती सम्बन्धी अध्यन प्रतिवेदन तयार।

### (ग) लघुबीमा शाखा

आ.व. २०८१/८२ मा यस शाखाबाट ८ वटा बीमालेखहरू स्वीकृत भएका छन्। जसमध्ये ५ वटा बीमालेखहरू जीवन लघुबीमा, २ वटा निर्जीवन लघुबीमा र १ स्तरीकृत निर्जीवन बीमालेख रहेका छन्। यसका साथै, नेपाल राष्ट्र बैंकले प्रदान गर्ने सहुलियत कर्जाका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि बमोजिम प्राप्त हुने बीमाशुल्क अनुदान सम्बन्धमा बीमकहरूबाट तथ्याङ्क संकलन तथा एकीकृत गरी नेपाल राष्ट्र बैंकबाट सोधभर्ना

उपलब्ध गराउने सम्बन्धी कार्य गरिएको छ। साथै, Access to Insurance Initiative (A2ii) को सहकार्य मा Inclusive Insurance Innovation lab (iii-lab) अन्तर्गतका कार्यहरू तथा वर्कशपहरू आयोजना गरिएको थियो भने CapeTown Declaration परियोजना सम्बन्धी कार्य समेत गरिएको छ। यसका अतिरिक्त, बीमा क्षेत्रमा लैंगिक समावेशिता अध्ययन गर्ने उद्देश्यले यस कार्यका लागि A2ii ले तयार पारेको Fema Meter Toolkit समेत लागू गरी नेपाली बीमा बजारमा लैंगिक समावेशिता सम्बन्धी तथ्याङ्क संकलन तथा विश्लेषण गरी प्रतिवेदन तयार गरिएको र सो सम्बन्धमा बीमकहरूसँग छलफल कार्यक्रम समेत आयोजना गरिएको छ।

## ५. नियमन महाशाखाः

नियमन महाशाखा अन्तर्गत नियमन शाखा, सम्पत्ति शुद्धीकरण शाखा र पुनर्बीमा शाखाहरू गरी तीन (३) वटा शाखाहरू रहेका छन्। यस महाशाखाबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादित प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन्।

### (क) नियमन शाखाः

नेपाल बीमा प्राधिकरणले 'शाखा सञ्चालन सम्बन्धी निर्देशिका, २०७९' तथा 'बीमा ऐन, २०७९' को दफा ३२ बमोजिम जीवन, निर्जीवन, लघु जीवन तथा लघु निर्जीवन बीमा कम्पनीहरूका लागि शाखा, उपशाखा तथा विस्तार काउन्टरहरूको स्थापना, सञ्चालन, बन्द, स्थानान्तरण र मर्जर सम्बन्धी कार्यका लागि नियमन शाखामार्फत कुल ५५ वटा स्वीकृतीहरू प्रदान गरेको छ।

### (ख) सम्पत्ति शुद्धीकरण निवारण शाखाः

मिति २०८१।०९।२८ गतेको निर्णयबाट प्राधिकरणमा छुट्टै शाखाको रूपमा स्थापना भएको यस शाखाबाट आ.व. २०८१/८२ मा सम्पादित मुख्य मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन्।

- राष्ट्रिय रणनिति अनुसार बीमा क्षेत्रको क्षेत्रगत रणनीति तथा कार्य योजना २०८१- २०८६ तयार गरी लागू,
- सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०८२ जारी,
- सम्पत्ति शुद्धीकरण सम्बन्धी छुट्टै स्थलगत तथा गैर स्थलगत सुपरीवेक्षण,
- अर्थ मन्त्रालयबाट जारी ग्रे लिष्टबाट बाहिरीने शीघ्र सुधारात्मक विस्तृतीकरण कार्य योजना अनुसारको कार्य,
- बीमकमा समेत सम्पत्ति शुद्धीकरण शाखा इकाई गठन गरी जिम्मेवार कार्यान्वयन अधिकारी तोकिएको,
- FIU को मार्गदर्शन बीमा क्षेत्रमा समेत प्रभावकारी कार्यान्वयन गर्ने/गराउने व्यवस्था गरिएको,
- सम्पूर्ण बीमक TFS Login मा आवद्ध।

## ६. सुपरिवेक्षण महाशाखाः

सुपरिवेक्षण महाशाखा अन्तर्गत स्थलगत निरीक्षण शाखा, वित्त विश्लेषण शाखा र गैह्रस्थलगत निरीक्षण शाखा गरी तीन (३) वटा शाखाहरू रहेका छन्। यस महाशाखाबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादित प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन्।

### (क) स्थलगत निरीक्षण शाखाः

बीमकहरूबीच स्वस्थ प्रतिस्पर्धाको वातावरण बनाई बीमा व्यवसायको विकास तथा विस्तार गर्दै बीमितको हित संरक्षण तथा बीमकमा सुशासन कायम गर्न प्राधिकरणले नियमित रूपमा बीमकहरूको स्थलगत निरीक्षण गर्ने गरेको छ। यस आ.व. मा ९ वटा जीवन र ७ वटा निर्जीवन बीमकहरूको नियमित स्थलगत निरीक्षण गरी प्रतिवेदन प्राधिकरणको सञ्चालक समितिमा पेश गरिएको छ। त्यस्तै, नेपाल बीमा प्राधिकरणमा तालुक निकाय लगायत विभिन्न निकायहरूबाट प्राप्त उजुरी निवेदन तथा प्राधिकरणमा विभिन्न विषयमा प्राप्त गुनासो उपर स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्नका लागि ५ वटा बीमा कम्पनीहरूमा आकस्मिक निरीक्षण गरिएको छ। साथै, सम्पूर्ण निर्जीवन बीमा कम्पनीहरूमा नगद फिर्ता सम्बन्धी विषय केन्द्रित निरीक्षण समेत गरिएको थियो।

बीमा नियमावली २०८१ को दफा ३९ अनुसार, बीमकहरूले हरेक त्रैमास समाप्त भएको ६० दिनभित्र आफ्नो आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन नेपाल बीमा प्राधिकरणमा बुझाउनु पर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१/८२ को त्रैमासिक प्रतिवेदनहरूको विश्लेषण गर्दा विभिन्न कैफियतहरू देखिएका छन्। बीमकहरूबाट प्राप्त त्रैमासिक लेखापरीक्षण प्रतिवेदनमा देखिएका कैफियतहरूको सम्बन्धमा बीमकहरूसँग छलफल गरी आवश्यक सुधारको लागि निर्देशन दिइएको छ।

### (ख) गैह्रस्थलगत शाखा

आ.व. २०८१/८२ मा यस शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन्।

#### (अ) बीमकहरूको जोखिममा आधारित सुपरिवेक्षण

Compliance Based Supervision बाट बीमकहरूको जोखिममा आधारित सुपरीवेक्षण गर्ने उद्धेश्यको साथ टोरोन्टो सेन्टरसँगको सहकार्यमा प्राधिकरणले ई.स. २०२१ देखि बीमकको जोखिममा आधारित सुपरीवेक्षण (Risk Based supervision) कार्य प्रारम्भ गरेको छ। प्राधिकरणले Judgement Based, Forward Looking, Key Risks Focused, Whole Institutions Assessment तथा Proportionality सिद्धान्तको आधारमा जोखिममा आधारित सुपरीवेक्षण कार्य गरिरहेको छ। जोखिममा आधारित सुपरीवेक्षणबाट बीमकहरूको जोखिम केन्द्रित विश्लेषण हुने, बीमकमा देखिएका समस्याहरूको समयमानै पहिचान हुने, बीमकको समग्र अवस्थाको जोखिम मूल्याङ्कन हुने, अद्यावधिक Risk Profiles हरूबाट निरन्तर सुपरीवेक्षण हुने तथा समयमानै Supervisory Intervention लिन सकिने भएकोले विश्वव्यापी रूपमानै यस व्यवस्था प्रयोगमा रहेको देखिन्छ। जोखिममा आधारित सपुरीवेक्षण प्रणाली कार्यान्वयन गर्नका लागि प्राधिकरणबाट ‘Nepal Insurance Authority Risk Based Supervision Framework’ तथा ‘Guide to Supervisory Intervention Framework, 2024’ लागू भइ सम्पूर्ण निर्जीवन बीमकको प्रारम्भिक जोखिम मूल्याङ्कन सम्बन्धी कार्य सम्पन्न भइसकेको छ। सो Framework बमोजिम बीमकहरूको प्रमुख गतिविधीहरू छनौट गरी मुख्य विद्यमान जोखिमहरू (Insurance Risk, Market Risk, Credit Risk, Operational Risk, Strategic Risk, Compliance Risk, Conduct Risk, ML/FT Risk तथा Climate Risk) को मूल्याङ्कन गरिन्छ। सो Inherent Risk हरूलाई Operational Management तथा Oversight Function ले प्रभावकारी ढङ्गबाट व्यवस्थापन तथा नियन्त्रण गरे नगरेको यकिन गरे पश्चात प्राप्त हुने खुद जोखिम (Net Risk) लाई बीमकको Financial Resources (Capital, Earnings र Liquidity) ले धान्न सक्ने अवस्था रहे/नरहेको यकिन गरी अन्तिम Composite Risk Rating प्रदान गरिने र सो को आधारमा Supervisory Intervention हुने व्यवस्था रहेको छ।

हालसम्म जीवन बीमकहरूमध्ये नेपाल लाईफ इन्स्योरेन्स, सिटिजन लाईफ इन्स्योरेन्स तथा लाईफ इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड तथा निर्जीवन बीमकहरूमध्ये शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको जोखिममा आधारित सुपरीवेक्षण कार्य सम्पन्न भईसकेको छ। हाल जीवन बीमकहरू अमेरिकन लाईफ इन्स्योरेन्स (मेट लाइफ) र नेशनल लाईफ इन्स्योरेन्स कम्पनी तथा निर्जीवन बीमकहरूमा सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड, एनएलजी इन्स्योरेन्स लिमिटेड र नेको इन्सुरेन्स लिमिटेडको जोखिममा आधारित सुपरीवेक्षण कार्य प्रारम्भ भएको छ।

### (आ) बीमकहरूको मुद्दती निक्षेपमा लगानीको एयरमार्क सम्बन्धी संक्षिप्त विवरण

'बीमकको मुद्दती निक्षेपमा लगानीको एयरमार्क (Earmark)' सम्बन्धी मार्गदर्शन बमोजिम बीमकको मुद्दती निक्षेपमा हुने प्रत्येक लगानी प्राधिकरणको पक्षमा ग्रहणाधिकार गरिएको हुनु पर्ने व्यवस्था रहेको छ।

तालिका नं. २३

आ.व. २०८१/८२ एयरमार्क प्रणालीमा ब्लक भएको मुद्दती निक्षेपको विवरण

| क्र.स. | बीमक | कुल ब्लक रकम* | प्रतिशत |
|---|---|---|---|
| १. | जीवन बीमकहरू | १,१२,९३,२६,०३,९०१।०० | ७४.१०% |
| २. | निर्जीवन बीमकहरू | २६,९०,०३,९५,५००।०० | १७.६५% |
| ३. | पुनर्बीमकहरू | ११,६५,०१,००,०००।०० | ७.६४% |
| ४. | लघु बीमकहरू | ९२,५८,००,०००।०० | ०.६१% |
| | जम्मा | १,५२,४०,८८,९९,४०१।०० | १००% |

*प्राधिकरणको एयरमार्क सिस्टममा भएको ब्लक्ड र ब्लक रिक्वेस्ट भेरिफाइडको समग्रतालाई जनाउँछ।

### बीमा प्रवर्द्धन शाखा

### (क) आ. व. २०८१/०८२ मा सम्पन्न भएका बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रमको विवरण।

आ.व. २०८१/८२ मा नेपाल बीमा प्राधिकरणको केन्द्रिय कार्यालयबाट बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रमहरू अन्तर्गत स्थानीय निकायहरूसँग २५ वटा, विद्यालयसँग ८ वटा र प्रदेश सरकारसँग ६ वटा गरी कुल ३९ वटा कार्यक्रमहरू सञ्चालन गरिएको छ।

लेखाचित्र नं. १७

अन्तरक्रिया तथा छलफल कार्यक्रमहरू



### (ख) आ. व. २०८१/०८२ मा सम्पन्न भएका निबन्ध प्रतियोगिता सम्बन्धी कार्यक्रमको विवरण

आ.व. २०८१/८२ मा बीमा प्रवर्द्धन अन्तर्गत निबन्ध प्रतियोगिता कार्यक्रम सम्पन्न भएको छ। यस प्रतियोगिता अन्तर्गत कुल ८९ वटा निबन्धहरू प्राप्त भएको र त्यस मध्येबाट प्रत्येक प्रदेशबाट उत्कृष्ट १ निबन्ध छनौट गरी प्रति व्यक्ति रू.२०,०००।- का दरले पुरस्कृत गरिएको छ।

### (ग) आ. व. २०८१/०८२ मा सम्पन्न भएका बीमा सम्बन्धी सचेतना सम्बन्धी अन्य कार्यक्रमहरूको विवरण

आ.व. २०८१/८२ मा सचेतनामुलक अन्य कार्यक्रमहरू अन्तर्गत देहाय अनुसारका कार्यहरू सम्पन्न भएका छन।

- "मोटरमा व्यापक बीमा" विषयमा सचेनतामुलक श्रव्यदृश्य सामग्री तयार गरी विभिन्न सामाजिक सञ्जाल, संचार माध्यम मार्फत प्रसारण तथा प्रकाशन,
- "आम्दानी अनुसारको बीमा" विषयमा सचेनतामुलक श्रव्यदृश्य सामग्री तयार गरी विभिन्न सामाजिक सञ्जाल, संचार माध्यम मार्फत प्रसारण तथा प्रकाशन,
- बीमा सम्बन्धी सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्नका लागि विभिन्न रेडियोहरू, टेलिभिजन तथा अन्य संचारका माध्यमहरूसँग सहकार्य तथा सम्झौता गरी कार्यान्वयन।

त्यसका अतिरिक्त पेशागत पत्रकार संघ, अभिकर्ता महासंघ, जीवन बीमक संघ, नेपाल बीमक संघ, लघु बीमक संघ, सर्भेयर संघ जस्ता विभिन्न सरोकारवालाहरूसँग समेत बीमा विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

## ७. प्राधिकरणबाट जारी परिपत्रहरू

आ.व. २०८१/८२ मा प्राधिकरणबाट विविध विषयमा बीमकहरूलाई समयसमयमा परिपत्र तथा निर्देशन जारी गरिएको छ। बीमकहरूलाई जारी प्रमुख निर्देशन तथा परिपत्र देहाय बमोजिम रहेको छ।

### (क) पुनर्बीमा प्रयोजनका लागि विदेशी मुद्रा सटही सिफारिस प्रक्रिया सम्बन्धी निर्देशन

नेपाल बीमा प्राधिकरणले पुनर्बीमा गर्ने प्रयोजनका लागि विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्थालाई थप प्रभावकारी बनाउनका लागि यस सम्बन्धी निर्देशन जारी गरेको छ। जसअनुसार, फ्याकल्टेटिभ पुनर्बीमा प्रयोजनका लागि विदेशमा रकम पठाउन विदेशी मुद्रा सटहीका लागि प्राधिकरणमा प्रस्ताव पेश गर्दा अनिवार्यरूपमा 'बीमकको पुनर्बीमा निर्देशिका, २०८०' बमोजिम नेपालका पुनर्बीमकलाई प्रस्ताव गरेको प्रमाण र नेपालका पुनर्बीमकले उक्त प्रस्ताव २४ घण्टाभित्र अस्वीकार गरेको प्रमाण बीमकले पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

**निर्देशनका प्रमुख विषयहरूः**

- प्राधिकरणले मिति २०८१ साल चैत ६ गते दिएको निर्देशनमा बीमकले विदेशी पुनर्बीमा कम्पनीसँग पुनर्बीमा गर्दा पुनर्बीमा निर्देशिका, २०८० बमोजिम विदेशी पुनर्बीमा कम्पनी रेटेड हुनुपर्ने व्यवस्था रहेको,

- पुनर्बीमा वापत विदेशी मुद्रा भुक्तानी गरेपश्चात् प्रत्येक त्रैमास समाप्त भएको १५ दिनभित्र उक्त विदेशी पुनर्बीमकले भुक्तानी बुझिलिएको प्रमाण नेपाल बीमा प्राधिकरणमा पेश गर्नुपर्ने व्यवस्था रहेको,
- विदेशी मुद्राको सटही सिफारिसका लागि नेपाल बीमा प्राधिकरणमा पेश हुने पत्रमा बीमकका प्रमुख कार्यकारी अधिकृतको हस्ताक्षर हुनुपर्ने,
- विदेशी मुद्रा सटहीका लागि पेश गर्ने सबै कागजातका प्रतिलिपिहरूमा बीमकको छाप सहित सम्बन्धित कर्मचारीले हस्ताक्षर गरेको हुनुपर्ने निर्देशनमा उल्लेख गरिएको छ।

### (ख) विदेशी पुनर्बीमा दलालहरूलाई नेपालमा कार्यालय स्थापना गर्न निर्देशन

नेपाल बीमा प्राधिकरणले विदेशी पुनर्बीमा दलालहरूलाई नेपालमा कार्यालय स्थापना गर्न निर्देशन दिएको छ।

**निर्देशनका प्रमुख विषयहरू:**

- बीमकको पुनर्बीमा निर्देशिका, २०८० बमोजिम हालसम्म कार्यालय स्थापना नगरेका विदेशी पुनर्बीमा दलालहरूलाई तीन महिनाभित्र कार्यालय स्थापना गर्न मिति २०८१ साल चैत १० गते प्राधिकरणले निर्देशन दिएको,
- बीमकको पुनर्बीमा निर्देशिका, २०८० मा प्राधिकरणमा सूचीकरण भएका र सूचीकरण नम्बर प्राप्त गरेका पुनर्बीमा दलालले छ महिनाभित्र नेपालमा संयुक्त लगानीमा कम्पनी, शाखा वा सम्पर्क कार्यालय स्थापना गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको।

### (ग) हुलदङ्गाका कारण भएका क्षतिको बीमा दाबीलाई यथाशक्य छिटो फछ्यौंट गर्न निर्देशन

नेपाल बीमा प्राधिकरणले मिति २०८१ साल चैत १५ गते काठमाडौं उपत्यकाका विभिन्न स्थानमा भएका हुलदङ्गाका कारण बीमितको धनसम्पत्तिमा भएको क्षतिबाट पर्नसक्ने बीमा दाबीलाई सहजरूपमा यथाशिघ्र छिटो फछ्यौंट गर्न सबै निर्जीवन बीमा कम्पनी र निर्जीवन लघुबीमा कम्पनीहरूलाई निर्देशन दिएको छ।

**निर्देशनका प्रमुख विषयहरू:**

- प्राधिकरणले मिति २०८१ साल चैत १५ गते भएको हुलदङ्गाका कारण बीमितको धनसम्पत्तिमा भएको क्षति र असहजतालाई ध्यानमा राखी त्यसबाट पर्नसक्ने बीमा दाबीलाई सहजरूपमा यथाशक्य छिटो फछ्यौंट गर्न चैत १७ गते सबै निर्जीवन बीमा कम्पनी र निर्जीवन लघुबीमा कम्पनीहरूलाई निर्देशन दिएको,
- काठमाडौं उपत्यकामा चैत १५ गते भएको हुलदङ्गाका कारणले भएका क्षतिको विवरण एक्सेल स्प्रिडसीट ढाँचामा प्राधिकरणले दिएको गुगल फर्मको लिङ्क मार्फत साप्ताहिकरूपमा प्रत्येक हप्ताको बुधबार प्राधिकरणमा पेश गर्न पनि सबै निर्जीवन बीमा कम्पनी र निर्जीवन लघुबीमा कम्पनीहरूलाई निर्देशन दिइएको।

### (घ) डिजिटल माध्यमबाट बीमा दाबी भुक्तानी गर्न निर्देशन

नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीहरूले बीमा दाबी वापत बीमितलाई भुक्तानी गर्नुपर्ने बीमा दाबी रकम अनिवार्यरूपमा बीमितको बैंक खातामा दाखिला हुने गरी डिजिटल माध्यमबाट भुक्तानी गर्न निर्देशन दिएको छ।

निर्देशनका प्रमुख विषयहरूः

- 'बीमालेख अनुसार बीमा दाबीको दायित्व यकिन भएपश्चात् सो पुरा रकम अनिवार्यरूपमा कानून बमोजिम भुक्तानी प्राप्त गर्ने पक्षको बैंक खातामा दाखिला हुने गरी डिजिटल माध्यम प्रयोग गरी भक्तानी गर्ने' निर्देशन दिइएको,
- जीवन बीमकले दाबी भुक्तानी वापत बीमित वा हकवालालाई कानून बमोजिम भुक्तानी गर्नुपर्ने रकम बीमित वा हकवालाको बैंक खातामा दाखिला नगरी अन्य बीमालेख जारी गरी रकम समायोजन गर्न नपाउने निर्देशन दिईएको,
- बीमा दाबी निवेदन दर्ता भएको, क्षति मूल्याङ्कन गर्न सर्भेयर खटाएको र सर्भे प्रतिवेदन प्राप्त भएको बारेमा बीमितलाई SMS मार्फत यथाशीघ्र जानकारी गराउन समेत प्राधिकरणले बीमा कम्पनीहरूलाई निर्देशन दिएको।

### (ङ) व्यवसायिक लक्ष्य निर्धारण गर्दा नवीकरण बीमाशुल्क तथा म्यादी जीवन बीमाशुल्कलाई समेत समावेश गर्न निर्देशन

नेपाल बीमा प्राधिकरणले मिति २०८२ साल असार २७ गते जारी निर्देशनमार्फत जीवन बीमा कम्पनी र लघुजीवन बीमा कम्पनीहरूलाई आगामी आर्थिक वर्षका लागि आ-आफ्ना मातहतका कर्मचारी, विभाग, प्रादेशिक कार्यालय र शाखा तथा उपशाखा कार्यालयहरूलाई व्यवसायिक लक्ष्य (आवधिक रूपमा तय गर्ने मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक लक्ष्य) निर्धारण गर्दा प्रथम बीमाशुल्कका अतिरिक्त नवीकरण बीमाशुल्क तथा म्यादी जीवन बीमाशुल्कलाई समेत अनिवार्य समावेश गर्न निर्देशन दिएको छ। त्यसैगरी, बीमकहरूले मातहतका कर्मचारी र विभाग तथा कार्यालयहरूलाई व्यवसायिक लक्ष्य निर्धारण गर्दा सावधिक र एकल बीमाशुल्क भुक्तानी हुने बीमालेखहरूलाई मात्र प्राथमिकता दिने गरेका गुनासाहरू आउने गरेको, बीमकहरू ठूलो रकमको बीमाशुल्क सङ्कलनमा केन्द्रित हुँदा बीमाको पहुँच न्युन आय भएका वर्गसम्म पुग्न नसकेको, बीमा अवधी नपुग्दै बीमालेख व्यतित तथा समर्पण हुने लगायतका समस्या देखापरेको र त्यसबाट गुणस्तरीय एवम् भरपर्दो बीमा सेवा प्रवाहमा चुनौती थपिएको सन्दर्भमा प्राधिकरणले त्यस्तो निर्देशन दिएको हो।

खण्ड ग

# प्रदेशगत रूपमा सम्पादित प्रमुख कार्यहरू

प्राधिकरणको नियमनकारी दायरालाई अझ फराकिलो बनाउन बीमा ऐन, २०७९ को दफा ३(२) बमोजिम नेपाल बीमा प्राधिकरणले बाग्मती प्रदेशको बीमा सम्बन्धी कार्य केन्द्रिय कार्यालयबाट हेर्ने गरी बाँकी छ वटा प्रदेशमा प्रदेश कार्यालयहरू स्थापना तथा सञ्चालनमा ल्याएको छ। प्रदेश कार्यालयको स्थापना पश्चात देशभर बीमकहरूको स्थलगत निरिक्षण, ग्रामीण तथा दुर्गम क्षेत्रमा समेत बीमा प्रवर्द्धन तथा बीमितहरूलाई बीमा सम्बन्धी गुनासो तथा उजुरी गर्न सहजीकरण भएको छ। प्रदेश कार्यालयले प्राधिकरणको दायरा विस्तार गर्न सहयोग पुग्नुका साथै उद्देश्य प्राप्तिमा सहयोग मिलेको छ। आ.व. २०८१/८२ मा प्राधिकरणको प्रदेश कार्यालयबाट सम्पन्न भएका महत्त्वपूर्ण कार्यहरू देहाय बमोजिम रहेका छन्।

## (क) कोशी प्रदेश

प्राधिकरणको कोशी प्रदेश कार्यालयले आ.व. २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम बमोजिम बीमा क्षेत्रको सचेतना अभिवृद्धि, विकास तथा पहुँच वृद्धि गर्न विगतका वर्षहरूमा जस्तै यस आ.व.मा पनि नियमित प्रशासनिक कार्यका अतिरिक्त कोशी प्रदेश सरकार, विभिन्न स्थानीय तह, बीमकका प्रदेश तथा शाखा प्रमुख एवम् कर्मचारी, उद्योग व्यवसायी, ट्राफिक प्रहरी तथा यातायात व्यावसायी, बीमा सर्भेयर तथा बीमा अभिकर्ता, विभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थी, आर्थिक पत्रकार लगायत विभिन्न सरोकारवाला निकायहरूसँग ३५ वटा बीमा सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरेको छ। त्यसैगरी, कोशी प्रदेशमा आयोजना गरिएका मेला तथा महोत्सवहरूमा समेत प्राधिकरणको स्टल राखी बीमा सचेतना तथा प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै प्रदेशका विभिन्न सार्वजनिक स्थानहरूमा बीमा सम्बन्धी सचेतनामुलक नारा लेखिएका होर्डिङ्ग बोर्डहरू राख्ने, बीमा सम्बन्धी रेडियो सन्देश प्रसारण गर्ने जस्ता कार्य गर्दै बीमा प्रवर्द्धन तथा पहुँच वृद्धिलाई निरन्तरता दिँदै आएको छ। यसका साथै, कोशी प्रदेश कार्यालयबाट यस आ.व.मा जम्मा ३० वटा बीमा कम्पनीहरूको स्थलगत निरीक्षणको कार्य सम्पन्न भएको छ। यस आ.व.मा कोशी प्रदेश कार्यालयमा दर्ता भएको ५९ वटा बीमा सम्बन्धी नयाँ उजुरी तथा गुनासो र गत आ.व.को फछ्र्यौट हुन बाँकी २९ वटा उजुरी गरी कुल ८८ वटा उजुरी दर्ता भएका थिए जसमध्ये १९ वटा उजुरी प्रदेश कार्यालयबाटै मध्यस्थता तथा मेलमिलाप मार्फत सहमती गरिएको र बाँकी उजुरी केन्द्रिय कार्यालयमा फैसलाको प्रक्रियाका लागि पठाईएको थियो। साथै, यस आ.व. मा कुल ३५ वटा जीवन बीमा अभिकर्ताको अनलाइन परीक्षा सञ्चालन भएको थियो जसमार्फत ४,५३९ जना बीमा अभिकर्ता बन्न सफल भएका छन्।

## (ख) मधेश प्रदेश

यस प्रदेश कार्यालयले कार्यालयका नियमित प्रशासनिक कार्यका अतिरिक्त आ.व. २०८१/८२ मा प्राधिकरणको वार्षिक बजेट तथा कार्यक्रममा तोकिए बमोजिमका कार्यहरू सम्पन्न गरेको छ। बीमा विकास तथा प्रवर्द्धनका लागि प्रदेश सरकार, विभिन्न स्थानीय तह, बीमकका प्रदेश तथा शाखा प्रमुखहरू, उद्योग व्यवसायी, प्रहरी तथा

यातायात व्यवसायी, विद्यालयका शिक्षक तथा विद्यार्थी, बीमा सर्भेयर तथा बीमा अभिकर्ताहरूसँग कुल ३२ वटा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरेको छ। त्यसैगरी, यस आर्थिक वर्षमा मधेश प्रदेश कार्यालयबाट जम्मा २१ वटा स्थलगत निरीक्षणको कार्य सम्पन्न भएको छ। यस आ.व.मा मधेश प्रदेश कार्यालयमा २४ वटा बीमा सम्बन्धी गुनासो तथा उजुरी दर्ता भएका छन् र फैसला प्रक्रियाका लागि केन्द्रिय कार्यालयमा पठाइएको छ। साथै, यस आ.व. मा १६ वटा अभिकर्ताको अनलाइन परीक्षा सञ्चालन समेत भएको देखिन्छ। त्यसैगरी, मधेश प्रदेश कार्यालयले आ.व. २०८१/८२ मा बीमा विकास तथा जनचेतनाका लागि रेडियो कार्यक्रम सञ्चालन गर्नुका साथै, प्रदेशमा आयोजना गरिएका मेला तथा महोत्सवहरूमा स्टल राख्ने तथा विभिन्न स्थानमा सूचनामुलक होर्डिङ्ग बोर्डहरू राख्ने कार्य समेत भएको छ।

## (ग) गण्डकी प्रदेश

प्राधिकरणको गण्डकी प्रदेश कार्यालयले आ.व. २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रममा तोकिए बमोजिम कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, विभिन्न स्थानीय निकायहरू, बीमकका गण्डकी प्रदेश प्रमुख तथा शाखा प्रमुखहरू, उद्योग वाणिज्य संघ, प्रहरी तथा यातायात व्यवसायी, बीमा सर्भेयर तथा बीमा अभिकर्ता, आर्थिक पत्रकार, शिक्षक तथा विद्यार्थीहरू लगायत विभिन्न सरोकारवाला निकायसँग गरी ४० वटा बीमा सचेतना तथा प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरेको छ। त्यसैगरी, २३ वटा स्थलगत निरीक्षणको कार्य समेत सम्पन्न भएको छ। यस आ.व.मा गण्डकी प्रदेश कार्यालयमा ३३ वटा उजुरी दर्ता भएकोमा मध्यस्थता तथा मेलमिलापबाट २० वटा उजुरी फछ्यौंट भएको छ भने बाँकी उजुरी केन्द्रिय कार्यालयमा पठाइएको। त्यसैगरी, ५७ वटा जीवन बीमा अभिकर्ता परीक्षा सञ्चालन गरिएको छ भने, बीमा विकास तथा जनचेतना अभिवृद्धिका लागि मेला तथा महोत्सवहरूमा बीमा सम्बन्धी प्रदर्शनी स्थल राख्नुका साथै, विभिन्न सामुदायिक रेडियोहरूबाट बीमा सम्बन्धी सन्देशमुलक रेडियो कार्यक्रम प्रशारण समेत गरिएको छ।

## (घ) लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश कार्यालयले आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम बमोजिम नियमित प्रशासनिक कार्यका साथै लुम्बिनी प्रदेश सरकार, विभिन्न स्थानीय निकायहरू, बीमकका प्रदेश प्रमुख तथा कर्मचारीहरू, विभिन्न जिल्लाका उद्योग वाणिज्य संघ, नेपाल प्रहरी, ट्राफिक प्रहरी तथा यातायात व्यवसायी, बीमा सर्भेयर तथा बीमा अभिकर्ता, विभिन्न जिल्लाका विद्यालय शिक्षक तथा विद्यार्थीहरू, आर्थिक पत्रकार लगायत सरोकारवाला निकायसँग बीमा सचेतना तथा प्रवर्द्धन सम्बन्धी कुल ४० वटा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरेको छ। त्यस्तै, बीमकका कर्मचारीहरूको अन्डरराईटिङ सम्बन्धी क्षमता विकास तथा अभिवृद्धि कार्यक्रम, बीमकका प्रदेश प्रमुखसँग सम्पत्ति शुद्धिकरण सम्बन्धी कार्यक्रम समेत सम्पन्न गरेको छ। यस आ.व.मा लुम्बिनी प्रदेश कार्यालयबाट जम्मा २५ वटा स्थलगत निरीक्षणको कार्य सम्पन्न भएको छ। त्यसैगरी, यस आ.व.मा ५३ वटा उजुरी दर्ता भएका थिए जस मध्ये १५ वटा उजुरी मध्यस्थता तथा मेलमिलाप मार्फत टुङ्गो लागाइएको थियो भने बाँकी ३८ वटा उजुरी केन्द्रिय कार्यालय पठाइएको छ। यसका साथै, जीवन बीमा अभिकर्ताको २९ वटा परीक्षा सञ्चालन समेत लुम्बिनी प्रदेश कार्यालयबाट भएको देखिन्छ।

## (ङ) कर्णाली प्रदेश

कर्णाली प्रदेश कार्यालयले यस आर्थिक वर्ष २०८१/८२ मा नियमित प्रशासनिक कार्यका साथै वार्षिक बजेट तथा कार्यक्रममा तोकिए बमोजिम विभिन्न सरोकारवाला निकायहरूसँग छलफल तथा अन्तरक्रिया सम्बन्धी कार्य संचालन गरेको छ जस अन्तर्गत स्थानीय सरकार, बीमकका प्रदेश तथा शाखा प्रमुख एवंम कर्मचारीहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि, प्रहरी तथा यातायात व्यवसायी, विभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थी, बीमा सर्भेयर तथा बीमा अभिकर्ताहरूसँग कुल ३३ वटा बीमा सचेतना सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। त्यसैगरी, विभिन्न स्थानमा भएका मेला तथा महोत्सवहरूमा प्रदेश कार्यालयको स्टल राखी बीमा व्यवसायको प्रचार प्रसारलाई प्राथमिकतामा राख्दै विभिन्न सार्वजनिक स्थलहरूमा बीमा सचेतनामुलक नारा लेखिएका होर्डिङ्ग बोर्डहरू राख्ने, सामुदायिक रेडियोहरूबाट बीमा सम्बन्धी जानकारीमुलक जिङ्गल प्रसारण गर्ने जस्ता कार्य समेत भएको छ। त्यस्तै, यस प्रदेश कार्यालयबाट जम्मा २५ वटा स्थलगत निरीक्षण सम्बन्धी कार्य गरिएको छ भने जीवन बीमा अभिकर्ताको २९ वटा परीक्षा संचालन गरिएको छ। त्यसैगरी, यस आ.व.मा कुल ३१ वटा उजुरी दर्ता भएका थिए जसमध्ये केही उजुरीहरू आपसी सहमतीमा फछ्र्यौट भएका थिए भने बाँकी उजुरी केन्द्रिय कार्यालयमा पठाइएको छ।

## (च) सुदूरपश्चिम प्रदेश

